मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## कैलाशमा ऐतिहासिक घाटुनाचको तयारी

हेटौंडा, ७ बैशाख/कैलाश गाउँपालिकाको वडा नम्बर-२ बैकुण्ठमा यसवर्ष पनि ऐतिहासिक घाटुनाच मेला आयोजना हुने भएको छ । गाउँपालिकाको आर्थिक सहयोगमा बैशाख १९ र २० गते मेला सञ्चालन हुने आयोजकले जनाएको छ । स्थानीय मौलिक संस्कृतिको संरक्षण र प्रवर्द्धन गर्ने उद्देश्यसहित घाँसीगीत तथा तामाङ फापरे सेलो ह्वाई प्रतियोगिता समेत आयोजना गरिनेछ । प्रतियोगितामा सहभागी हुन इच्छुक व्यक्तिले समयमै नाम दर्ता गराउन आयोजकले अनुरोध गरेको छ । घाँसीगीत प्रतियोगितातर्फ प्रथम पुरस्कार २५ हजार, दोस्रो १५ हजार र तेस्रो १० हजार रुपैयाँ राखिएको छ । तामाङ फापरे सेलो ह्वाई प्रतियोगितामा पनि प्रथम २५ हजार, दोस्रो १५ हजार र तेस्रो १० हजार रुपैयाँ पुरस्कारको व्यवस्था गरिएको छ । कार्यक्रम बैशाख १९ गते बिहान ९ बजेदेखि कैलाश-२ बैकुण्ठ खेलमैदानमा हुनेछ । कैलाश-२ का वडाअध्यक्ष राजेन्द्र घिसिङले मेलामार्फत स्थानीय संस्कृति जोगाउँदै नयाँपुस्तामा हस्तान्तरण गर्ने लक्ष्य रहेको जानकारी दिएका छन् । उनले सम्पूर्ण स्थानीयबासी तथा दर्शकलाई कार्यक्रममा उपस्थित भई अवलोकन गर्न आग्रह गरेका छन् । मेलाको व्यवस्थापन मेला तथा कार्यक्रम व्यवस्थापन समितिले गर्ने जनाएको छ ।

'समीक्षाको अर्थ गल्ती खोज्नुमात्र नभई आगामी यात्रा तयगर्नु हो'

# निर्वाचनबाट अवसर र चुनौती दुबै प्राप्तः सभापति थापा

मनिल महतो

हेटौंडा, ७ बैशाख/ नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले फागुन २१ गते सम्पन्न निर्वाचनबाट अवसर र चुनौती दुबै प्राप्त भएको बताएका छन् ।

सोमबार हेटौंडामा भएको पार्टीको बागमती प्रदेशस्तरीय निर्वाचन समीक्षा कार्यक्रममा सभापति थापाले निर्वाचनमा हारजीत स्वाभाविक प्रक्रिया भएपनि अब कांग्रेसले राष्ट्रिय राजनीतिमा आफ्नो स्थान स्थापित गर्नुपर्ने बताए । निर्वाचनको सानो घेरामा नबसी त्यसभन्दा माथि उठ्ने बेला भएको उनको भनाई छ । सभापति थापाले गएको एक डेढ महिनामा राष्ट्रिय राजनीतिको सवालमा केन्द्रीय कार्यसमितिले महत्वपूर्ण निर्णय गरेको बताए । मुलुकमा विधिको शासन स्थापित गर्ने विषयलाई कांग्रेसले प्राथमिकतामा राखेको उनले उल्लेख गरे ।




कुनै पनि व्यक्ति कानुनभन्दा माथि नहुने भन्दै सभापति थापाले राज्यको निकायले अनुसन्धान गर्न खोज्दा सहयोग गर्नुपर्ने धारणा राखे । उनले भने, 'प्रधानमन्त्री होस् वा कांग्रेस पार्टी सभापति राज्यले अनुसन्धान गर्छु भन्दा सबैले सहयोग गर्नुपर्छ । २०४८ सालयता सार्वजनिक ओहोदामा बसेका सबै व्यक्तिको सम्पत्ति छानबीन हुनुपर्ने र दोषी देखिए सम्पत्ति राष्ट्रियकरण गर्नुपर्छ ।' भविष्यमा आफूमाथि नै सरकारले अनुसन्धान गर्न खोज्दा कांग्रेसका कोही नेता, कार्यकर्ताले पार्टी सभापतिमाथि अनुसन्धान गर्न पाइँदैन भनेर नभन्ने उनले दाबी गरे । सभापति थापाले विधिको शासनमा व्यक्तिले कानुन मान्दै गर्दा राज्यले पनि कानुन मान्नुपर्ने बताए ।

गौरीबहादुर कार्की आयोगको प्रतिवेदनको सन्दर्भमा कांग्रेसले लामो छलफल पछि आधिकारिक धारणा सार्वजनिक गरेको उनले जिकिर गरे । सभापति थापाले कार्की आयोगको प्रतिवेदन अपूर्ण, बदनीयत र प्रतिशोधपूर्ण रहेको बताए । भदौ २४ गतेको घटनाबारे आयोग मौन बसेकोले उच्चस्तरीय न्यायिक छानबीन आयोग बनाउनुपर्ने उनले बताए । सभापति थापाले जनजीविकाका छलफलमा कांग्रेस सरकारसँग सहकार्य गर्ने बताए । कांग्रेसबिना राष्ट्रिय राजनीति चल्न नसक्ने उनको जिकिर थियो । सभापति थापाले विगतमा कांग्रेसले हार्ने चुनाव पनि लडेको उल्लेख गर्दै देशले जित्छ भने कांग्रेस हार्न पनि तयार हुनुपर्ने बताए ।

जेनजी आन्दोलनबाट ट्र्याक बाहिर गएको संविधान फागुन २१ गतेको चुनावबाट ट्र्याकमा आएको उनको भनाई छ । सभापति थापाले निर्वाचनको नतिजापछि पार्टीभित्र हारको चिन्ताभन्दा पनि भविष्यको चिन्तन आवश्यक रहेको बताएका छन् । उनले निर्वाचनको नतिजाले कांग्रेसलाई नयाँ अवसर र चुनौती दिएको बताए । सभापति थापाले समीक्षाको अर्थ गल्ती खोज्नु मात्र नभई आगामी यात्रा तयगर्नु रहेको बताए । 'अहिलेको परिस्थितिमा हामीसँग दुईवटा विकल्प छन् । चिन्ता गर्ने वा चिन्तन गर्ने । चिन्ताले समस्या मात्र देखाउँछ र अरुलाई दोष दिन सिकाउँछ । तर, चिन्तनले समाधान खोज्न प्रेरित गर्छ । कांग्रेसलाई अहिले चिन्तनको खाँचो छ ।'

सभापति थापाले पार्टीभित्र सबैलाई मिलाएर लाने आफ्नो जिम्मेवारी रहेको हुँदा सबैलाई मिलाएर जाने प्रतिबद्धता व्यक्त गरे । चुनावी समीक्षामा उनले पार्टीका शीर्ष नेतासँग कुराकानी सुरु गरेको जानकारी गराए । पार्टीमा वृहत्तर एकताका लागि नेताहरुसँग संवाद हुने उनले बताए । 'पार्टीभित्र बस्दै आएका हामीहरु मात्रै मिलेर हुँदैन । पार्टीलाई वर्षौंदेखि समर्थन गर्दै आउनुभएको ठूलो पङ्ति छ,' थापाले भने, 'सदस्यभन्दा बाहिर हाम्रो लाखौं समर्थक हुनुहुन्छ । हामीलाई यसपटक भोट हाल्नु भएन । किन ? त्यो खोजौं भन्ने मेरो कुरा हो, पार्टीभन्दा बाहिर रहेका शुभेच्छुक र समर्थकलाई पनि पार्टीमा जोड्नुपर्ने छ ।'

पार्टीको सदस्यता लिएर कांग्रेसले भोट हाल्दिन भन्नेले कांग्रेस छोड्न उनले सुझाव दिए । पार्टी संरचनामा व्यापक परिवर्तन आवश्यक रहेको उनले बताए । पार्टीभित्र अब विवादको अध्याय अन्त्य भएको थापाले नेता कार्यकर्तासँग भने, 'विशेष महाधिवेशन ठीक थियो/थिएन भन्ने अध्याय अब सकियो । यो बहसलाई यही अन्त्य गर्ने हो ।' चुनावमा मत बदल्ने शुभच्छेकहरुलाई पनि भेट्नु उनले बताए । सभापति थापाले पार्टीभन्दा बाहिर रहेको नयाँ पुस्तालाई समेत पार्टीमा जोड्नुपर्ने उल्लेख गरे । कांग्रेसलाई अब सात सालको जस्तो क्रान्तिकारी चेत, ४६ सालको जस्तो लोकप्रिय पार्टी र ७० सालको जस्तो भरोसायोग्य पार्टी बनाउनुपर्ने आवश्यकता रहेको उनले बताए । अबको १० वर्षपछि नेपाल कता जाला भनेर सोच्ने समुदायलाई कांग्रेसको मञ्च हेर्ने अवस्था सिर्जना गर्नुपर्ने उनको धारणा छ ।

### कांग्रेसलाई बलियो बनाउन कांग्रेसलाई बदलेको हौंः *महामन्त्री पौडेल*

नेका महामन्त्री प्रदीप पौडेलले कांग्रेसलाई बलियो बनाउन कांग्रेसलाई बदलेको बताए । परि स्थिति बदलिएको कारण कांग्रेस बदलनु परेको उनले बताए । महामन्त्री थापाले परिवर्तिन परि स्थितिअनुरुप पुरानो नेतृत्वले पार्टीलाई अगाडि लैजान नसक्ने उल्लेख गरे । रुपान्तरित समाजको एजेण्डलाई कांग्रेसले आत्मसात गर्नुपर्ने उनको बुझाई छ । बुथमा एजेण्ट नै राख्न नसक्ने पार्टीले चुनाव जितेको भन्दै महामन्त्री पौडेलले संगठन र संरचनाले मात्र निर्वाचनमा सफलता पाउन नसक्ने बताए । आमजनताबीच कांग्रेसबारे सकारात्मक सन्देश प्रवाह हुन नसक्दा चुनावमा पराजय भोग्नुपरेको उनले उल्लेख गरे ।

महामन्त्री पौडेलले अब डिजिटल प्लेटफर्ममार्फत् कांग्रेसको धारणा निर्माण गर्न क्रियाशील सदस्यहरु लाग्नुपर्ने बताए । समाजको सामाजिक गतिविधिमा क्रियाशील सदस्यले नेतृत्वदायी भूमिका निर्वाह गर्नुपर्नेमा उनको जोड थियो । पार्टीलाई अब डिजिटलाईज ढंगले सञ्चालन गर्नुपर्ने आवश्यक उनले औंल्याएका छन् । महामन्त्री पौडेलले अबको १ वर्षपछि हुने स्थानीय र प्रदेशको चुनावमा पार्टीलाई डिजिटलाईन गर्न सकेन भने चुनाव पनि जित्न नसकिने बताए । विभिन्न जिम्मेवारीमा रहेका नेता तथा कार्यकर्ताले आफ्नो दायित्व पूरा नगर्ने हो भने स्थानीय चुनाव जित्न कठिन हुने उनको भनाइ थियो । नागरिकसँग कसरी जोडिने भन्नेबारे संगठले ठोस योजना तयगरेको उल्लेख गर्दै उनले आफू आबद्ध संठनलाई गतिशील बनाउन सबैलाई आह्वान गरे । संगठित संरचनाले सहयोग गरेमा मात्रै पार्टीलाई छिटो र सजिलोसँग रुपान्तरण गर्न सकिने उनले बताए ।

### सर्वोच्चको फैसलाबाट पार्टीभित्रको महाधिवेशनको सर्वोच्चता स्थापित भयोः *महामन्त्री घिमिरे*

यसैगरी पार्टीका अर्का महामन्त्री गुरुराज घिमिरेले सर्वोच्च अदालतको फैसलाबाट पार्टीभित्रको महाधिवेशनको सर्वोच्चता स्थापित भएको बताए । पार्टीका सदस्यले उठाएका विषयलाई नेतृत्ववर्गले छल्न र टाल्न पाइँदैन भन्ने मान्यता स्थापित भएको उनले उल्लेख गरे । महामन्त्री घिमिरेले विधानको बाध्यकारी अवस्थालाई छल्न नपाइने जिकिर गरे । विशेष महाधिवेशनबाट कांग्रेसको नेतृत्व हस्तान्तरणमात्र नभई पुस्तान्तरण भएको उनको भनाई छ । महामन्त्री घिमिरेले व्यवस्था, पार्टी र नयाँ पुस्ताको निम्ति निर्मम बन्नुपर्ने बताए ।

समीक्षा कार्यक्रममा पार्टीका सहमहामन्त्री बहादुरसिंह लामाले कार्यक्रमको औचित्यबारे प्रकाश पारेका थिए । नेपाली कांग्रेस बागमती प्रदेश कार्यसमितिको व्यवस्थापनमा भएको कार्यक्रममा प्रदेशको ३३ वटै क्षेत्रका उम्मेदवार लगायत जिल्ला सभापतिहरुले आआफनो् धारणा राखेका थिए । बागमती प्रदेशमा नेपाली कांग्रेसले रसुवामा मात्र जित हासिल गरेको थियो ।

दलित सशक्तिकरण सम्बन्धी विधेयक निर्माणका लागि सरोकारवालासँग छलफल

# सडकदेखि सदनसम्म आवाज उठाइने चेतावनी



साझाकुरा संवाददाता

हेटौंडा, ७ बैशाख/ बागमती प्रदेशमा दलित सशक्तिकरण सम्बन्धी विधेयक निर्माणका लागि सरोकारवालासँग छलफल तथा अन्तरक्रिया भएको छ ।

दलित महिला संघ (फेडो) मकवानपुरको आयोजनामा सामेबार भएको कार्यक्रममा विधेयकको मस्यौदामाथि सुझाव संकलन गरिएको हो । कार्यक्रमका प्रमुखअतिथि बागमती प्रदेशका मुख्यमन्त्री ईन्द्रबहादुर बानियाँले दलित समुदायमाथि हुने विभेद अन्त्य गर्न प्रभावकारी कानुन अपरिहार्य रहेको बताएका छन् । उनले संविधानमा छुवाछुत अन्त्य भएको उल्लेख भएपनि व्यवहारमा अझै विभेद कायम रहेकाले त्यसको अन्त्यका लागि स्पष्ट र कडाइकासाथ लागूहुने कानुनी व्यवस्था आवश्यक रहेको धारणा राखे । दलित समुदायको हकअधिकार स्थापना गर्न प्रदेश सरकारले कुनै कसर बाँकी नराख्ने प्रतिबद्धता उनले व्यक्त गरे ।

मुख्यमन्त्री बानियाँले लोकतन्त्रमा जात, वर्ग वा समुदाय भन्दा मानवता ठूलो हुने उल्लेख गर्दै पछाडि परेका वर्गलाई अग्राधिकार दिनु आवश्यक रहेको बताएका छन् । उनले गणतन्त्रलाई गरिबमुखी व्यवस्थाको रुपमा चित्रण गरे ।

त्यसैगरी आन्तरिक मामिला तथा कानूनमन्त्री शिवराज अधिकारीले प्रस्तावित विधेयकले दलित समुदायको अधिकार सुनिश्चित गर्न महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गरेका छन् । सरोकारवालाबाट प्राप्त सुझाव समेटेर व्यवहारिक र कार्यान्वयनयोग्य कानून निर्माण गरिने उनको भनाइ थियो ।

उनले लोकतन्त्र बलियो भएमात्र सामाजिक तथा जातीय उत्थान सम्भव हुने उल्लेख गर्दै दलित समुदायको सीप, कला र क्षमताको उचित उपयोग आवश्यक रहेको बताए । प्रदेशसभा सदस्य बालकुमारी विश्वकर्माले दलित समुदायले भोग्दै आएको विभेद अन्त्य गर्न कानुन आवश्यक रहेको बताइन् । उनले दलित सशक्तिकरणका लागि कानुन निर्माणको विषय आफूले सुरुदेखि नै सदनमा उठाउँदै आएको भएपनि अपेक्षित प्राथमिकता नपाएकोमा असन्तुष्टि जनाइन् । चालु आर्थिक वर्षभित्रै कानून बनाउनुपर्नेमा जोड दिँदै उनले अन्य प्रदेशले यससम्बन्धी कानुन निर्माण गरिसकेको अवस्थामा बागमती प्रदेश पछि पर्न नहुने बताइन् ।

आवश्यकता परे सडकदेखि सदनसम्म आवाज उठाइने चेतावनी उनले दिइन् । कार्यक्रममा प्रदेश बालअधिकार समितिका संयोजक प्रकाश खतिवडाले विधेयकको आवश्यकता र मस्यौदाबारे प्रस्तुतीकरण गरेका थिए ।

सहभागीले विधेयकलाई समावेशी, व्यवहारिक र कार्यान्वयन योग्य बनाउनुपर्नेमा जोड दिँदै दलित समुदायमाथि हुने विभेद अन्त्य र समान अवसर सुनिश्चित गर्ने दिशामा केन्द्रित हुनुपर्ने सुझाव दिएका थिए । फेडो मकवानपुरकी उपाध्यक्ष सुनिता दर्नालको सभाध्यक्षतामा भएको कार्यक्रममा संस्कृति तथा पर्यटन मन्त्री सुरेश श्रेष्ठ, जिल्ला समन्वय समिति प्रमुख ललित घलान, हेटौंडा उपमहानगरप्रमुख मीनाकुमारी लामा, प्रमुख जिल्ला अधिकारी बसन्त अधिकारी, पत्रकार महासंघ मकवानपुरका अध्यक्ष बालकृष्ण अधिकारीलगायतको सहभागिता रहेको थियो ।




# थाहानगरमा व्यक्तिगत घटनादर्ता सप्ताह सञ्चालन

साझाकुरा संवाददाता

हेटौंडा, ७ बैशाख/ व्यक्तिगत घटनादर्ता सप्ताहको अवसरमा थाहा नगरपालिकाले विविध कार्यक्रम सञ्चालन गरेको छ । प्रत्येक वर्षको १ वैशाखदेखि सातदिनसम्म मनाइने दिवसलाई नगरपालिकामा व्यक्तिगत घटनादर्ता प्रचार ब्यानर अनावरण गरेर सुरुवात गरिएको हो ।

सप्ताहको अवसरमा नगरपालिकाको १२ वटै स्वास्थ्य संस्थाबाट जन्मदर्ता सम्बन्धी प्रिइन्रोलमेन्ट कार्यको शुभारम्भ गरिने भएको छ । यो कार्यक्रमलाई अघि बढाउनका लागि स्वास्थ्य संस्था प्रमुखलाई एकदिने अभिमुखीकरण गरिएको थियो ।




कार्यक्रममा नगरका एक प्राथमिक स्वास्थ्य केन्द्रसहित स्वास्थ्यचौकी, आधारभूत स्वास्थ्यकेन्द्र तथा सहरी स्वास्थ्य केन्द्रका प्रमुखको सहभागिता रहेको थियो । कार्यक्रमका सहभागीलाई सूचनाअधिकृत सुरजकुमार भुजेल, एमआइएस अपरेटर रुपक कार्की लगायतले सहजीकरण गरेका थिए ।

नगरक्षेत्रमा जन्मिएका बालबालिकाको समयमै जन्मदर्ता गराइ व्यक्तिगत घटनादर्तातर्फ नागरिकलाई आकर्षित गर्ने उद्देश्यले स्वास्थ्य संस्थामा जन्मने बित्तिकै प्रिइन्रोलमेन्ट गरिने कार्य अघि बढाइन लागेको एमआइएस अपरेटर कार्कीले जानकारी दिए । यसरी प्रिइन्रोलमेन्ट गर्दा तथ्यांकको त्रुटिमा कमी आउने कार्कीको भनाइ थियो । अभिमुखीकरण कार्यक्रममा थाहा नगरपालिका निमित्त प्रमुख प्रशासकीय अधिकृत माधवविक्रम मल्ल, सामाजिक विकास अधिकृत अनिल लामिछाने, सूचना प्रविधि अधिकृत भगीरथ कार्कीलगायतको उपस्थिति रहेको थियो ।

यसैबीच व्यक्तिगत घटनादर्ता सम्बन्धी प्रचारप्रसारलाई पनि जोड दिइएको छ । प्रत्येक वडामा फ्लेक्स ब्यानर तथा स्थानीय सञ्चार माध्यममार्फत् प्रचारप्रसारको कार्यलाई तीब्रता दिइएको फिल्ड सहायक अच्युत विडारीले जानकारी दिए । नागरिकलाई व्यक्तिगत घटनादर्ता सम्बन्धी जानकारी दिने उद्देश्यले प्रचारप्रसार कार्यलाई प्राथमिकताको साथ अघि बढाइएको उनले बताए ।

साझाकुरा

## हाम्रो कुरा

# पर्यटकीय गन्तव्य: वैकुण्ठ

कैलाश गाउँपालिकाको वडा नम्बर-२ बैकुण्ठमा यसवर्ष पनि ऐतिहासिक घाटुनाच आयोजना हुने भएको छ । गाउँपालिकाको आर्थिक सहयोगमा बैशाख १९ र २० गते मेला सञ्चालन हुने आयोजकले जनाएको छ । स्थानीय मौलिक संस्कृतिको संरक्षण र प्रवर्द्धन गर्ने उद्देश्यसहित घाँसीगीत तथा तामाङ फापरे सेलो ह्वाई प्रतियोगिता पनि आयोजना गरिने भएको छ । मकवानपुरको कैलाश गाउँपालिका-२ स्थित कैलाशडाँडा र वैकुण्ठक्षेत्र अहिले पर्यटकीय गन्तव्यको रुपमा विकसित भइरहेको छ । प्राकृतिक सौन्दर्यता, हावापानी र धार्मिक तथा पर्यटकीय महत्वका विभिन्नस्थल रहेको यहाँ केही वर्षअघि निर्माण गरिएको डाँफे मुनाल पार्कसहित हिमाल र पहाडको दृश्यावलोकन गर्न सकिन्छ । धादिङको बेनिघाट रोराङ गाउँपालिकासँग सीमाना जोडिएको वैकुण्ठबाट धादिङ, गोरखा र रसुवाका हिमालको आकर्षक दृश्य देख्न सकिन्छ । ऐतिहासिक गाउँको रुपमा रहेको वैकुण्ठमा तामाङले घाटुनाच नाच्ने प्रचलन छ । घाटुनाच गुरुङको संस्कृति भएता पनि वैकुण्ठ गाउँमा मात्रै तामाङ जातिले घाटुनाच नाच्ने संस्कृति विकास गरेका छन् ।

हरेकवर्ष जेठको चण्डीपूर्णिमा मेला लाग्नुका साथै तामाङ जातिको घाटुनाच देखाउने गरिन्छ । प्रतियोगितामा सहभागी हुन इच्छुक व्यक्तिले समयमै नाम दर्ता गराउन आयोजकले अनुरोध गरेको छ । घाँसीगीत प्रतियोगितातर्फ प्रथम पुरस्कार २५ हजार, दोस्रो १५ हजार र तेस्रो १० हजार रुपैयाँ राखिएको छ । तामाङ फापरे सेलो ह्वाई प्रतियोगितामा पनि प्रथम २५ हजार, दोस्रो १५ हजार र तेस्रो १० हजार रुपैयाँ पुरस्कारको व्यवस्था गरिएको छ । कार्यक्रम बैशाख १९ गते बिहान ९ बजेदेखि कैलाश-२ बैकुण्ठ खेलमैदानमा हुनेछ । मेलामार्फत स्थानीय संस्कृति जोगाउँदै नयाँपुस्तामा हस्तान्तरण गर्ने लक्ष्य रहेको जानकारी दिइएको छ । सम्पूर्ण स्थानीयबासी तथा दर्शकलाई कार्यक्रममा उपस्थित भई अवलोकन गर्न आग्रह गरिएको छ । मकवानपुरको उत्तरीभेगमा महाभारत पर्वतमा प्राकृतिक सुन्दरता, सांस्कृतिक सम्पन्नता, ऐतिहासिक एवम् धार्मिक महत्व बोकेको स्थललाई समेटेर पर्यटकीयक्षेत्रका रुपमा विकास भइरहेको छ । अग्लो पहाडको टुप्पामा निर्माण गरिएको डाँफे र मुनालको आकर्षक प्रतिमाले पर्यटकलाई आकर्षित गर्नुको साथै गाउँमाथि रहेको विष्णुकुण्डमा गुरु रिम्पोछेको प्रतिमा स्थापनाले थप आकर्षण थपिदिएको छ । उतिबेलाको विकट गाउँमा अहिले सडक पूर्वाधारको पहुँच पुगेको छ । सिजनमा चल्ने सडक पूर्वाधारले पनि यो क्षेत्रमा आन्तरिक पर्यटकको चहलपहल बढाएको छ । एक हिसाबले भन्ने हो भने कैलाश वैकुण्ठ 'आन्तरिक पर्यटकको हब'को रुपमा विकास भइरहेको छ । विकट क्षेत्रको रुपमा रहेको यो स्थानलाई पर्यटनको केन्द्र बनाउने गरी योजना अघि बढाएको गाउँपालिकाले जनाएको छ । गाउँपालिकाको आन्तरिक स्रोत व्यवस्थापन गरी पर्यटन विकासका लागि बिभिन्न काम भइरहेको छ ।

हाल यो क्षेत्रमा पदयात्रा गर्नेहरुको आगमन बढेको छ । धादिङ, मकवानपुर र चितवनबाट घुम्न आउने पर्यटकको संख्या बढ्दो रहेको छ । गाउँपालिकाले कैलाश वैकुण्ठलाई पर्यटकीयक्षेत्र बनाउन प्राथमिकताका साथ लगानी गरेसँगै आकर्षक पार्क, गुम्बालगायत संरचना निर्माण गरेको छ । वैकुण्ठमा करिब एक करोडको लगानीमा जीपलाइन निर्माण गरिएको छ । ऐतिहासिक विष्णुकुण्ड, गुफा, तामाङ जातिको परम्परागत सांस्कृतिक सम्पदा रहेका कारण पर्यटकीय हिसाबले वैकुण्ठ निकै महत्वपूर्ण मानिन्छ । कैलाश वैकुण्ठको पर्यटकीय विकासका लागि गाउँपालिका र प्रदेश सरकारले लगानी गरेको छ । प्रदेश सरकारले २० लाख रुपैयाँ लगानी गरेपछि डाँफे मुनाल पार्क नजिकैको डाँडामा आकर्षक डम्फूपार्क निर्माण गरेको हो । ऐतिहासिक वैकुण्ठडाँडामै गाउँपालिकाले २२ लाख रुपैयाँ लगानी गरी टासीफर्पे छोयलिङ गुम्बा निर्माण गरेको छ । डाँफे मुनाल पार्ककै मुनि अग्लो डाँडाको समथल ठाउँमा सधैं पानी जमिरहने पोखरीलाई विष्णुकुण्डको नाम दिइएको हो । वैकुण्ठमा पछिल्लो समय धेरै संरचना निर्माण भइसकेको छ । वैकुण्ठगाउँमा सतीघाट संरक्षणस्थल निर्माण गरिएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

साझाकुरा

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८३ वैशाख ९ गते बुधबार २२ अप्रिल २०२६ । पञ्चमी, वैशाख शुक्लपक्ष । बछलाथ्व ११४६ ने.सं. । सूर्योदय ५:३५ सूर्यास्त ६:३२ । रामानुजाचार्य जयन्ती । अन्तर्राष्ट्रिय पृथ्वी दिवस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : सहयोग गर्ने भावना आउनेछ | **तुला** | : मित्रसंग विवाद हुनसक्नेछ |
| **वृष** | : यात्राको लागि सुखद देखिन्छ | **वृश्चिक** | : धन खर्च हुनेछ |
| **मिथुन** | : रमाइलोको समय रहेको छ | **धनु** | : भेटघाटमा समय बित्नेछ |
| **कर्कट** | : शरीरमा समस्या देखिन सक्नेछ | **मकर** | : सम्पत्तिको खचपच हुनेछ |
| **सिंह** | : सामाजिक प्रतिष्ठा बढ्नेछ | **कुम्भ** | : सुखभोगको समय रहेकोछ |
| **कन्या** | : सानातिना अवरोध आइरहनेछ | **मीन** | : आर्थिक लाभ मिल्नेछ |

# दुर्लभ भयो न्याय, सुधार अपरिहार्य



श्यामप्रसाद मैनाली

एकजना जिल्ला न्यायाधीशले दिनुभएका अभिव्यक्तिका आधारमा दुईवटा उदाहरण सबैभन्दा पहिला प्रस्तुत गर्दछु । उनका लेखहरु पढेँ, अन्तर्वार्ताहरु सुनेँ । धेरैपटक 'भाइ न्यायाधीश'को शब्द उनीबाट सुनियो । के रहेछ यो भाइ न्यायाधीशहरू ? जिज्ञासु बनेँ । कुरा बुझ्दा जिल्ला न्यायाधीशहरूमा जिम्मेवारी दिन प्रतिस्पर्धात्मक परीक्षा भएछ । पास भएकाहरु जिल्ला न्यायाधीश भएछन् । अनुत्तीर्ण हुनेहरू दलका निकटतम रहेछन् । उनीहरुमध्ये केहीलाई दलहरूको कोटामा सीधै उच्च अदालतको न्यायाधीश बनाइदिएछन् ।

प्रतिस्पर्धामा अब्बल देखिएका जिल्ला न्यायाधीशहरूको न्यायिक निरूपणको विषयमा अनुत्तीर्ण हुनेहरुले परीक्षण गर्ने जिम्मेवारी पाएछन् । उनै जिल्ला न्यायाधीशले प्रधान न्यायाधीशमा नियुक्त हुन लागेका एक न्यायाधीशको बारेमा तथ्यसहित सार्वजनिक सुनुवाइमा प्रमाण दिएछन् । संसद्ले उनलाई पनि छलफलमा झिकाएछ । एउटा जिल्ला न्यायाधीश सर्वोच्च अदालतको प्रधान न्यायाधीश हुनै लागेका व्यक्तिका कर्तुतहरु, दलसँगको संलग्नता आदिका सन्दर्भमा खुलेर संसद्मा प्रस्तुत भएको देखे । उनी न्यायाधीशमाथि कुनै कारबाही भएन ।

उनले पेस गरेका प्रमाणहरु र आधारहरु बेठीक हो भनेको पनि पाइएन । आरोपित व्यक्ति प्रधान न्यायाधीश हुने निश्चित थियो । आफैँले प्रधान न्यायाधीश हुन अयोग्य भनी दाबी गरिराखेको व्यक्ति प्रधान न्यायाधीश भएपश्चात् न्यायाधीशको रुपमा आफूलाई निरन्तरता दिनु उचित सोचेनछन्, राजीनामा गरे । यतिखेर सार्वजनिक जीवन बिताउँदै छन् । योभन्दा न्यायपालिकाको भद्दा दृश्य अरु के नै हुन सक्छ ? यस्ता उदाहरण हाम्रो न्यायपालिकामा प्रशस्त छन् । यस्ता सर्वोच्च न्यायमूर्तिहरूबाट कस्तो प्रकारको न्याय सम्पादन हुने होला ? कल्पना गरौँ ।

जनताले अत्यन्त ज्यादा भरोसा र विश्वास गर्दै प्रदान गरिएको दुई तिहाइको मतको भारी बोकेर उनीहरूलाई राहत दिने संकल्पसहित गठन भएको सरकारले यतिखेर देशको शासन गर्दै छ । न्यायपालिकामा सुधार नगरी यो सरकारले आफ्नो क्षमता प्रदर्शन गर्न सक्दैन । तर यो सुधार कार्य त्यत्तिकै जटिल पनि देखिन्छ । स्तम्भकार न्यायपालिका अत्यन्त सुदृढ, मर्यादित, निष्पक्ष, स्वतन्त्र र सक्षम हुनुपर्छ, कुनै पनि प्रकारको हस्तक्षेप न्यायपालिकामा हुनुहुँदैन भन्ने विश्वास राख्छ । न्यायपालिकाको निष्पक्षता र स्वतन्त्रताको अभावमा लोकतन्त्रको सुदृढीकरण सम्भव हुँदैन । यो सर्वमान्य सिद्धान्त हो । नेपालमा संवैधानिक सर्वोच्चता भएका कारणले न्यायपालिकाको भूमिका अत्यन्त गहन छ । बेलाबखत न्यायिक क्रियाशीलताको आलोचनासमेत हुने गरेको छ । नेपालमा संसदीय सर्वोच्चता छैन । संवैधानिक सर्वोच्चता भएको देशमा न्यायिक क्रियाशीलतालाई स्वीकार र सम्मान गर्नुपर्दछ । तर न्यायमूर्तिहरूको योग्यता र क्षमता यही अनुरूपको हुनुपर्नेमा भने कुनै पनि कोणबाट प्रश्न गर्न मिल्दैन ।

नेपालमा न्यायाधीशहरूको क्षमता र कार्यकुशलतामा ठूलै प्रश्नचिह्न लागेकै हो त ? न्यायपालिकाको इतिहास हेर्दा सक्षम न्यायमूर्तिहरू विभिन्न कालखण्डमा पाइएका छन् । कानुनमा स्नातक पनि नगरेका हरिप्रसाद प्रधानलाई नेपालका राम्रा प्रधान न्यायाधीशमा सबैले सम्मान गरेका थिए । प्रधान न्यायाधीशकै हैसियतमा रत्नबहादुर विष्टले तत्कालीन राजा महेन्द्रका ससुरालाई मुद्दा हराइदिएर राजीनामासहित दरबार गएको र महेन्द्रबाट धन्यवाद बक्स भएको समाचार पनि सुन्नमा आएका छन् ।

तत्कालीन राजा ज्ञानेन्द्र आफैँ मन्त्रिपरिषद्को अध्यक्ष भएको समयमा गठन गर्नुभएको शाही आयोगलाई गैरसंवैधानिक भन्दै खारेज गर्ने निर्णय दिने अदम्य साहस त्यस बखतको समयमा राख्ने निर्भिक प्रधान न्यायाधीशका रूपमा मीनबहादुर रायमाझीको योगदानलाई नेपालको न्याय सेवाको इतिहासले स्मरण गरिरहनेछ । उनले यो निर्णय गर्दा ठूलै धम्कीको सामना परेको थियो भनिन्छ । न्यायपालिकाको सुदृढीकरणमा स्वर्गीय विश्वनाथ उपाध्यायको भूमिका पनि महत्त्वपूर्ण छ ।

वर्तमान समयमा विभिन्न तहमा कार्यरत न्यायाधीशहरूमा अत्यन्त राम्रो इमानदारिता, स्पष्टता, निष्पक्षता रहेको विश्लेषण पनि न्यायपालिकाप्रति चासो राख्नेहरुबाट पटक-पटक सुनिन्छ । यद्यपि नेपालमा न्यायिक प्रणालीका बारेमा नकारात्मक धारणा राख्नेहरुको संख्या अत्यन्त ठूलो छ । अब प्रश्न उठ्छ, के नेपालको न्यायपालिकामा सुधार असम्भवै देखिएको हो त ? किमार्थ होइन । यसमा सुधारका गुञ्जायसहरु प्रशस्त छन् । यसतर्फ विश्लेषणलाई केन्द्रित गरौँ ।

**केही अन्तर्राष्ट्रिय उदाहरण** :

नेपालमा न्यायपालिकामाथि कटु आलोचना गर्नेहरूबाट दलीय आस्था राख्नेहरुलाई योग्यता प्रणालीको कसीमा परीक्षण नगरी न्यायाधीश बनाइएको भनिन्छ । यही विकृति बढ्दै जाँदा मिडनाइट जजेज प्रकरणले पनि न्यायालयको ठूलो बदनामी भएको छ । न्यायपालिकाप्रतिको वितृष्णाले यस पवित्र निकायलाई हेर्ने दृष्टिकोण नै नकारात्मक बनेको छ । विशेष गरी विकसित देशहरूमा न्याय सेवाका क्याडर अथवा वृत्ति प्रणालीमा अब्बल देखिँदै आएकाहरुलाई न्यायाधीशका रुपमा लिने पनि गरिएको छ । तर तुलनात्मक हिसाबमा कानुन व्यवसायीहरुबाट अवसर प्राप्त गर्ने न्यायाधीशहरू न्याय निरूपण गर्न अबल देखिएका छन् । संयुक्त राज्य अमेरिकामा प्राय: सबै संघीय न्यायाधीशहरू कानुन व्यवसायीको पृष्ठभूमिबाट आएका छन् ।

उच्चस्तरको कानुनी व्याख्या गर्ने क्षमता राख्छन् । न्याय निरूपण गर्न अब्बल देखिएका छन् । वर्तमान राष्ट्रपति डोनाल्ड ट्रम्प यसभन्दा अघिको निर्वाचनमा वाइडेनसँग पराजित बन्ने परिस्थिति बन्यो । सर्वोच्च न्यायालयमा रहेका नौजना न्यायमूर्तिहरूमध्ये ६ जना ट्रम्पले नै आफ्नो कार्यकालमा नियुक्त गरेका रहेछन् । उनले ती न्यायाधीशहरूबाट आफ्नो पक्षमा निर्णय आउने अपेक्षा राखे । आफूलाई विजय बनाउन अदालत गए । उनले न्यायाधीश बनाएकाहरुले नै वाइडेनलाई विधिवत् अमेरिकाको राष्ट्रपति भएको ठहर गरे । न्यायपालिका यस प्रकारको हुँदा मात्र न्यायको मन्दिरका रुपमा सबै नागरिकले आफ्नो शिर झुकाउने स्थिति बन्छ ।

संयुक्त अधिराज्यमा न्यायाधीशहरूको नियुक्ति योग्यता प्रणालीमा आधारित गरिएको छ । जुडिसियल एपोइन्टमेन्ट कमिसनलाई यो जिम्मेवारी दिइएको छ । खुला आवेदन लिएर लिखित परीक्षा, अन्तर्वार्ता, योग्यता, अनुभव, नैतिकता आदिका आधारमा वस्तुगत मूल्याङ्कन गरी छनोटलाई अन्तिम रूप दिइन्छ । अत्यन्त सफल छनोट प्रक्रिया अवलम्बन गर्ने देशको रुपमा संयुक्त अधिराज्यलाई लिइन्छ । क्यानडामा जनसंख्याका हिसाबले समावेशी प्रणालीलाई समेत मध्यनजर गर्दै स्वतन्त्र सल्लाहकार समितिबाट मूल्याङ्कन गराएर सरकारलाई न्यायाधीशहरूको नाम सिफारिस गरिन्छ । यस्तो सिफारिसको सूची रिक्त सिटहरुभन्दा धेरै बढी गरेर ठूलो सूचीबाट राजनीतिज्ञहरूले छनोट गर्ने अवसर प्रदान गरिँदैन । जर्मनीमा कठोर परीक्षा प्रणाली अवलम्बन गरिन्छ । न्याय सेवाका अधिकृतहरूबाट पनि न्यायाधीश बनाइन्छ । उच्च तहका अदालतहरूमा राजनीतिक भूमिका प्राय: शून्य गरिएको छ ।

ओरल्ड जस्टिस प्रोजेक्टले सन् २०२५ मा अध्ययन गरेर 'रुल अफ ल इन्डेक्स' प्रकाशित गरेको छ । यसमा उत्तर र पश्चिम युरोपियन देशहरू सबल, निष्पक्ष र प्रभावकारी न्याय सम्पादनका लागि प्रख्यात देखिएका छन् । नर्डिक देशहरू यसमा सर्वोत्कृष्ट अङ्क ल्याउन सफल भएका छन् । यी देशहरूमा न्याय सम्पादनको क्रममा केही साझा विशेषताहरु पाइन्छन् । दण्डात्मकभन्दा सुधारात्मक दिशातर्फ अदालती निर्णय केन्द्रित हुँदै गएको छ । मानव अधिकारप्रति पूर्ण प्रतिबद्धता पाइन्छ । न्यायिक ढाँचामा पारदर्शिता र समतालाई पर्याप्त महत्व दिएको छ ।

न्यायमा सर्वसाधारण र कमजोरहरूको पहुँच कसरी कायम गराउन सकिन्छ ? भन्ने सन्दर्भमा पर्याप्त ध्यान दिएको छ । यस प्रतिवेदनमा सिंगापुर, फिनल्यान्ड, जर्मनी, नेदरल्यान्ड, स्वीडेन, नर्वे र न्युजिल्यान्डमा न्याय सम्पादन गर्दा केही साझा विशेषताहरू पाइएका छन् । सबैभन्दा उत्कृष्ट देखिएका चार देशहरू नर्वे, स्वीडेन, डेनमार्क र न्युजिल्यान्डले ०.८१ अङ्क प्राप्त गरेका छन् । नेपालले ०.५६ अङ्क प्राप्त गरेको छ ।

न्यायिक सफलताको लागि स्थायित्व, आर्थिक समृद्धि, राजनीतिक हस्तक्षेपबाट उन्मुक्ति अपरिहार्य हुन्छ भन्ने मान्यता राखिएको छ । यो प्रतिवेदनमा सर्वोत्कृष्ट स्थान हासिल गर्न सक्ने डेनमार्कमा न्यायाधीश नियुक्तिका लागि जुडिसियल अपोइन्टमेन्ट काउन्सिलको व्यवस्था गरिएको छ । यसमा अनुभवी वरिष्ठ न्यायाधीशहरू, कानुन व्यवसायीहरु, सर्वसाधारण नागरिकहरूका प्रतिनिधिहरु संलग्न हुन्छन् । राजनीतिक हस्तक्षेपलाई स्थान दिएको छैन ।

**नेपालको न्यायपालिकामा सुधार** :

नेपालको न्यायपालिकाको सम्बन्धमा विशेष गरी केही कडा आलोचनाहरू भइराखेका छन् । सबैभन्दा ठूलो आलोचना न्यायपालिकामाथि राजनीतिक हस्तक्षेपको बारेमा भइराखेको छ । यो हस्तक्षेप आफ्ना दलप्रति आस्थावान् दलका औपचारिक सदस्यता लिएका कानुन व्यवसायीहरूलाई समेत न्यायाधीश नियुक्ति गर्ने प्रक्रियालाई यस समस्याको स्रोतको रूपमा लिइन्छ । यही मूल प्रवाहमा स्वार्थको द्वन्द्व हुने प्रकारले पनि न्यायाधीशहरू नियुक्ति भई आएका उदाहरण प्रशस्त छन् । मिश्रित निर्वाचन प्रणाली अवलम्बन गरेका कारणले महँगो निर्वाचनबाट निर्वाचित भई आएका प्रतिनिधिहरु भ्रष्ट छन् । उनीहरुले छनोट गरिएका न्यायमूर्तिहरूको इमानदारितामा समाजले प्रश्न गरिराखेको छ ।

न्यायपालिकाभित्र पारदर्शिताको सन्दर्भलाई दिल्लगी गरिएको छ । योग्यता प्रणालीलाई स्पष्ट गर्न सकिएको छैन । राजनीतिक भागवण्डा न्यायमूर्तिहरूको छनोट प्रक्रियामा स्पष्ट देखिन्छ । नेपालको सन्दर्भमा विकसित मुलुकहरूको तुलनामा ठीक उल्टो अवस्था न्यायपालिकामा देखिँदै छ । न्यायिक क्षेत्रमा ज्ञान राख्नेहरूका बीच तीन प्रकारका न्यायमूर्तिहरूको विश्लेषण गरिएको पाइन्छ । कानुन मन्त्रालयका, सर्वोच्च अदालतका न्याय सेवाका अधिकृतहरूलाई प्रथम वर्गमा, सरकारी वकिलहरूबाट आएकाहरूलाई दोस्रो दर्जामा र कानुन व्यवसायीबाट आएकाहरुलाई तेस्रो दर्जाका न्यायाधीशका रुपमा सूचीकृत गरेको पटक-पटक सुन्न पाइन्छ ।

प्रतिस्पर्धात्मक परीक्षामा पनि धेरै प्रतिस्पर्धीहरु एक नम्बरको वर्गबाट, त्यसपछि सरकारी वकिलबाट र अत्यन्त न्यून संख्यामा कानुन व्यवसायीहरुबाट उत्तीर्ण भएको आलोचना भइरहेको छ । यसबाट कानुन व्यवसायीहरूको सक्षमतामा पनि प्रश्न खडा भएको छ । नेपालका अदालतहरूमा विशेष गरी सर्वोच्च अदालतमा कानुन व्यवसायीहरूबाट नै न्यायमूर्ति बन्न सफल बनेकाहरू न्यायपालिकाको नेतृत्वदायी भूमिकामा लामो समयसम्म रहने स्थिति स्पष्ट देखिन्छ । यदि आलोचना र विश्लेषणहरूलाई यथार्थ मानियो भने नेपालको न्यायिक पद्धतिमा थप ह्रास आउने परिस्थिति देखिँदै छ ।

अब नेपालको न्यायपालिकामा सुधार हुनुपर्छ भन्ने सन्दर्भमा सबैमा मतैक्यता रहेको पाइन्छ । सुधार कसरी गर्न सकिएला ? यसमा विश्लेषण केन्द्रित गरौँ । सबैभन्दा पहिला न्यायाधीशहरू नियुक्त गर्ने संवैधानिक परिषद् र न्यायपरिषद्को संरचनामा नै आमूल परिवर्तन अपरिहार्य छ । यसमा जनस्तरबाट अत्यन्त राम्रो प्रशंसा पाएका विगतको समयमा न्याय सम्पादन गर्न सफल र अब्बल देखिएका पूर्व-प्रधान न्यायाधीश वा सर्वोच्च अदालतका वरिष्ठतम न्यायाधीशहरूमध्येबाट यस्ता निकायहरूको नेतृत्व लिने परिस्थिति निर्माण गर्नुपर्छ ।

निष्पक्ष र सक्षम देखिएका कानुन व्यवसायी, शिक्षाविद र नागरिक समाजको प्रतिनिधित्व यी दुवै संरचनामा गरिनु अपरिहार्य हुन्छ । छनौट प्रक्रियामा पनि वस्तुगत मूल्याङ्कनका आधारहरू तयार पार्नु जरुरी छ । न्यायाधीशहरूको लागि विगतको अभिलेख कस्तो किसिमको अध्यावधिक भइराखेको थियो र छ ? त्यसलाई आधार मानिनुपर्दछ । सर्वोच्च अदालतका न्यायाधीशहरूका लागि संसदीय सुनुवाइ र प्रधान न्यायाधीशका लागि सार्वजनिक सुनुवाइसमेतको व्यवस्था गरिनुपर्दछ । न्याय मूर्तिका रूपमा अमुक प्रतिस्पर्धीलाई छनोट गर्ने वा नगर्ने निर्णय पारदर्शी हुनुपर्छ ।

न्याय क्षेत्रकै वृत्ति-शृंखलाबाट न्यायाधीश भएकाहरूको सम्बन्धमा उनीहरूले गरेको निर्णयको संख्या, गुणस्तर र समयको व्यवस्थापनलाई आधार बनाउन सकिन्छ । विकसित देशहरूको उदाहरण हेर्दा कानुन व्यवसायीहरू अब्बल देखिएकाले उनीहरूलाई पनि यो अवसर दिनुपर्छ । यसका लागि अमुक राजनीतिक दलसँगको औपचारिक संलग्नता नरहेको अवधि पाँच वर्ष व्यतीत भएकोलाई मात्र न्यायमूर्तिका रुपमा स्वीकार गर्न कुलिङ अफ पिरियडको व्यवस्था गर्नुपर्छ ।

हाम्रा उच्चस्तरका अदालतहरूमा राजनीतिक दलहरूसँग घनिष्टरुपले सम्बन्ध भएका र औपचारिक सदस्यतासमेत लिएकाहरूको संख्या मनग्य पाउन सकिन्छ । राजनीतिक कार्यकर्ताहरूबाट नेपाली नागरिकले न्यायको अपेक्षा गर्ने विडम्बनापूर्ण अवस्था सिर्जना गरिएको छ । यी विकृति र विसंगतिहरूको निराकरण गर्नका लागि सुझाव गरेअनुसारका व्यवस्था गर्न नेपालको संविधान र सम्बन्धित अन्य कानुनहरूमा सुधार गरिनु अत्यावश्यक छ ।

**निष्कर्ष**:

न्यायपालिकामा योग्यता प्रणाली, पारदर्शिता, स्वतन्त्रता र जवाफदेहिताका बीचको सन्तुलन अत्यावश्यक हुन्छ । संवैधानिक जटिलताको व्याख्या अत्यन्त उपयुक्त ढंगले गर्न सक्ने नागरिक र राज्यका बीचको विवादको निराकरण निष्पक्ष ढंगले गर्ने न्यायमूर्तिको आवश्यकता खड्किएको छ । भनिन्छ- न्यायाधीशले जे बोल्छ, त्यो विधिशास्त्र हो । जे लेख्छ, त्यही कानुन हो । यसले समग्र न्यायपालिकाको गरिमा र महत्त्वको उजागर गरेको छ ।

न्यायपालिकाका लागि तयार पारिएको अन्तर्राष्ट्रिय मान्यता, मूल्य र सिद्धान्तको पूर्णरुपमा अनुशरण गर्न सक्ने परिस्थिति निर्माण गर्नुपर्दछ । न्यायमूर्तिहरूलाई न्यायिक स्वतन्त्रता, अभिव्यक्तिको स्वतन्त्रता, पेसागत सहजीकरणको परिस्थिति निर्माण गरी यसको प्रत्याभूति राज्यले गराइदिन सक्नुपर्छ । न्याय सम्पादन गर्दा निष्पक्षता र वैध प्रकारले न्याय प्रदान गरिएको अनुभूति पीडितहरूले गर्न पाउनुपर्छ । नागरिकहरूप्रति जवाफदेही न्यायपालिका आजको आवश्यकता हो । न्यायपालिकामा सुधार आफैँमा विवादित मुद्दा पनि हो । यसमा पर्याप्त विज्ञतासहितको ध्यान पुग्न नसक्दा अर्को दुर्घटना आमन्त्रण हुन सक्छ । देशले अवलम्बन गरिआएको लोकतन्त्रमा नै ह्रास आउन सक्छ ।

यतिखेर प्रधान न्यायाधीश पद रिक्त रहेको अवस्था छ । ६ जना वरिष्ठ न्यायाधीशहरू प्रधान न्यायाधीशका लागि सिफारिस गरिएका छन् । त्यो सूचीबाट संवैधानिक परिषद्ले प्रधान न्यायाधीश नियुक्त गर्नुपर्ने हुन्छ । सरकारसँग संवैधानिक परिषद्को संरचनामा नै सुधार गर्ने समय सुविधा यसपटकको प्रधान न्यायाधीश नियुक्ति गर्ने सन्दर्भमा पाउने स्थिति छैन । शीघ्र प्रधान न्यायाधीश नियुक्ति गर्नुपर्ने अवस्था छ । सुसूचित हुन आएका नामहरू स्मरण गर्दा प्राय: सबै राजनीतिक भागवण्डाका आधारमा देशको सर्वोच्च न्यायालयमा न्यायमूर्ति बन्ने अवसर पाएकाहरु छन् । यी न्यायमूर्तिहरुलाई आलोचना मात्र गरेर पनि यतिखेरको समस्या समाधान हुन सक्दैन ।

सम्भवत: यही सूचीबाट एकजना प्रधान न्यायाधीशमा नियुक्त हुने नै छन् । यसै सन्दर्भमा यही सूचीभित्र परेका एकजनाले एक सार्वजनिक कार्यक्रममा आफूलाई अप्रत्यक्षरुपमा राजनीतिक दलसँग घनिष्टरुपमा सम्बन्ध भएको स्वीकार गरेका छन् तर यसैका आधारमा मात्र मूल्याङ्कन गर्न मिल्दैन । न्यायमूर्तिका हैसियतले उनीहरूका के-कस्ता कार्यसम्पादन विगतमा देखिएका छन् ? त्यसका आधारमा निर्णयमा पुग्नुपर्दछ ।

जुन दलसँग उहाँको आबद्धता देखिएको छ, सोही दलबाट प्रतिनिधित्व गर्ने प्रधानमन्त्रीले संसद् विघटन गरेकोलाई अस्वीकार्य गर्ने निर्णय आफैँले गरेको घटनाबाट पनि उनको निष्पक्षताको परीक्षण गर्नुपर्ने अब्बल प्रश्न अगाडि सारिदिएको अवस्था छ । यसलाई नेपालको वर्तमान सन्दर्भमा अस्वीकार गर्न सकिँदैन । न्यायपालिकाको सुधारको विकल्पमा सोच्ने समय यो होइन । न्यायपालिका सक्षम हुँदा मात्र कानुनी शासनको प्रत्याभूति गर्न सकिन्छ । नेपालजस्तो संवैधानिक सर्वोच्चता भएको देशमा न्यायपालिका अत्यन्त सक्षम र सबल हुनुपर्दछ । त्यसैले शीघ्र न्यायपालिकाको सुधार गर्नेतर्फ वर्तमान संघीय संसद्को पर्याप्त ध्यानाकर्षण हुनु जरुरी छ ।

*(साभार: न्यूज अफ नेपाल)*

# 'विद्यार्थी संगठनलाई प्रतिबन्ध होइन, नियमन गरौं'

प्रा.डा. विद्यानाथ कोइराला

विद्यार्थी संगठन खारेज गर्ने विषय आइरहेको छ । तर विद्यार्थी संगठन खारेज गरेर के हुने हो त्यो कुरा म बुझ्दिनँ । विश्वविद्यालयमा झन्डा राख्न पाइँदैन भनिएको छ । राख्दा के हुने, नराख्दा के फरक पर्ने हो ? त्यहाँ नेविसंघले स्वागत गर्छ, यहाँ अखिलले स्वागत गर्छ भनेर लेखिएका कुरा फाल्ने होला । त्यति मात्रै हो, बाँकी त केही गर्दैनन् । जस्तै- पञ्चायतको बेलामा पनि साइनबोर्ड हुँदैन थियो । तर संगठन थिए । त्यस्तै किसिमको स्थिति फेरि आउन सक्ने अवस्था देखिन्छ ।

सरकारले एकतर्फी निर्णय गर्नुको सट्टा ६ वटा राष्ट्रिय र अन्य दलहरूसँग बसेर संवाद गर्नुपर्छ । विद्यार्थी संगठनहरूले राजनीतिक संवाद गर्न पाउनुपर्छ भन्ने माग गरेका छन् । राजनीति भनेको आइडियोलोजिकल डिबेट पनि हो । नेपालमा वामपन्थी छन् कि छैनन् ? प्रजातान्त्रिक मान्छेहरू छन् कि छैनन् ? रास्वपा वामपन्थी हो कि प्रजातन्त्रवादी ? सेन्टर-राइट हो कि सेन्टर-लेफ्ट ? बालेन के हुन् ? प्रधानमन्त्री कस्तो विचार धाराका हुन् ? जनतालाई अधिकार दिने हो कि सीमित गर्ने ? यस्ता प्रश्नहरूमा खुला संवाद हुनुपर्छ । यसैलाई विचारधारात्मक बहस भनिन्छ ।

त्यसैगरी, दलित, जनजाति, मधेसी, मुस्लिम र महिलाका समस्याहरू के हुन् ? तिनको समाधान कसरी गर्ने ? यी विषयमा मुद्दा-आधारित छलफल हुनु अर्को महत्वपूर्ण पक्ष हो । अहिले नेपालमा उत्पादन घट्दो क्रममा छ र मानिसहरू बाहिरिनुपर्ने अवस्था छ । यस्तो अवस्थामा कृषिमा के गर्न सकिन्छ ? स्वास्थ्य, उद्योग र व्यापारमा के सुधार सम्भव छन् ? यस्ता विषयमा गम्भीर चिन्तन र संवाद आवश्यक छ ।

विद्यार्थीहरूले भविष्यमा संसद, पालिका, प्रदेश र केन्द्र चलाउनुपर्ने हुन्छ । त्यसका लागि अभ्यास गर्ने ठाउँ चाहिन्छ । उनीहरूले अभ्यास गर्न पाउने वातावरण हुनुपर्छ । यही नै मुख्य कुरा हो । सरकारले ल्याउन खोजेको 'स्टुडेन्ट काउन्सिल' वा 'स्टुडेन्ट भ्वाइस' मात्रै पर्याप्त हुँदैन भन्ने मेरो धारणा हो। किनभने यसले पढाइसँग सम्बन्धित कुरामा मात्रै संवाद गर्छ । तर राजनीतिक र सामाजिक विषयहरू समेट्दैन । अन्तर्राष्ट्रिय अभ्यासले पनि यही देखाउँछ । त्यसैले यसलाई थप सुदृढ बनाउने गरी अघि बढ्न सकिन्छ । अहिले १४ विद्यार्थी संगठनले विरोध जनाइसके । शिक्षकहरूले पनि असहमति व्यक्त गरिसके । अब जबर्जस्ती गरियो भने लोकतन्त्रको मर्म कहाँ रहन्छ ? विश्वविद्यालयमा सुरक्षा युनिट राखेर हटाउने कुरा आएको छ । तर पञ्चायतमा पनि यस्तो भएको थिएन । विश्वविद्यालयहरू स्वायत्त संस्था हुन्। त्यहाँ प्रहरी पठाउन पाइँदैन भन्ने नीति पञ्चायतकालदेखि रहँदै आएको हो । बल प्रयोग गर्ने सोच उचित होइन ।

अर्को कुरा, विश्वविद्यालयमा विद्यार्थी संगठनहरूको अति राजनीतीकरण भएको छ । यसलाई त नियमन गर्ने हो । संगठनलाई प्रतिबन्ध लगाउने होइन । विद्यार्थीहरूलाई सिर्जनात्मक र उत्पादनमुखी कामतर्फ उन्मुख गराउनु पर्छ । अहिले कतिपय अवस्थामा राजनीतिक संरक्षणका कारण गलत अभ्यासहरू बढेका छन् । त्यस्ता संरक्षणको अन्त्य गरेर काम गर्ने, कमाउने र सीप विकास गर्ने वातावरण सिर्जना गर्नुपर्छ ।

*(साभार: अनलाइनखबर)*

# सातामा दुई दिन बिदा : ओपीडीमा थेगिनसक्नु बिरामी, सेवा झनै भद्रगोल

काठमाडौं/बिहान ६ बज्दा नबज्दै अस्पतालको मुख्य गेट वरिपरि मानिसको भिड देखिन्छ । कसैले झोलामा औषधिका पुराना पर्चा बोकेका छन्, कसैले रिपोर्ट । कतिपय बिरामी आफन्तको काँध समातेर विस्तारै लाइनतर्फ बढिरहेका छन् । सबैको एउटै गन्तव्य छ- ओपिडी टिकट । टिकट काउन्टरमा कोचाकोच छ । अस्पताल परिसरमा बिरामी र आफन्त लामबद्ध छन् । दुई दिनको बिदापछि सोमबार बिहान वीर अस्पतालको ओपीडीमा देखिएको दृश्य हो ।

शनिबार र आइतबार बन्द भएपछि उपचारका लागि आएका बिरामीहरूको चाप सोमबार एकैपटक अस्पतालमा खनिन्छ । टिकट काउन्टर खुल्नुअघि नै लामो लाइन लागिसकेको हुन्छ । कतिपय बिरामी बिहान झिसमिसेमै अस्पताल पुगिसेकका हुन्छन् । जनकपुरबाट आएका ३७ वर्षीय प्रमोद मुखियाले पुरानो फाइल देखाउँदै भने, 'शरीर दुखेर बेहोस हुन्छु जस्तो भइसक्यो । आइतबार बन्द भएकाले देखाउन पाइएन । आज पनि घन्टौं कुर्नुपरेको छ ।' भुइँमै बसिरहेका मुखियाको हात-खुट्टा सुन्निएका छन् । ठूलो स्वरले बोल्न सक्दैनन् । उनको साथमा जेठान सुरेन्द्रकुमार मुखिया र श्रीमती छन् ।

मुखियालाई तीन हप्ता अघि एक्कासि स्वास्थ्यमा समस्या देखियो । रगत नै बान्ता गर्न थाले । शरीर सुन्नियो । उनी जनकपुरको एक निजी अस्पताल पुगे । केही दिन उपचार चल्यो । चिकित्सकले कलेजोमा समस्या देखिएको बताए । थप उपचारका लागि काठमाडौं जान सुझाव दिए । किसानी र ज्याला मजदुरी गर्दै आएका प्रमोदको जनकपुर मै १ लाख २० हजार सकियो । आफन्त र गाउँघरमा ऋणपान गरेर बिहीबार उनी रात्रि बसमा काठमाडौं आए ।

शुक्रबार बिहान त्रिवि शिक्षण अस्पताल आकस्मिक कक्षमा पुगेका प्रमोदलाई अस्पतालले सामान्य भन्दै भर्ना लिन मानेन । काठमाडौंमा चिनजानको कोही नभएकोले गौशालाको होटलमा बसे । शनिबार सबैतिर अस्पताल बन्द भयो । उनीहरू आइतबार बिहानै रतनपार्कको गाडी समात्दै वीर अस्पताल पुगे । तर, ओपीडी टिकट काउन्टर बन्द थियो । सुरक्षाकर्मीले भने, 'ओपीडी बन्द छ । भोलि आउनुहोला ।'

प्रमोद आलसतालस थिए । जेठान सुरेन्द्रले आकस्मिक कक्षमा देखाउन लगे । तर स्वास्थ्यकर्मीले सामान्य बिरामी भन्दै भर्ना लिन मानेनन् । कतै विकल्प नभएपछि प्रमोद निजी अस्पतालको गेटमा पुगे । आइतबार दिँउसो काठमाडौं मेडिकल कलेजमा पुगेका प्रमोदको विभिन्न परीक्षण र औषधिमै २० हजार सकियो । चिकित्सकले कलेजोको एक परीक्षण अन्य ठाउँमा नहुने भन्दै वीर र टिचिङमै गराउन सुझाव दिए । सुरेन्द्र पुन: सोमबार ज्वाईंलाई लिएर ओपीडीको




लाइन कुरिरहेका थिए । 'बिहान ७ बजे आइपुगेका थियौं । अब ७९५ जनापछि टिकट लिने पालो छ,' निरास सुनिए, 'आइतबार यही सेवा पाएको भए २० हजार सकिने थिएन । गरिबले जता पनि ठक्कर नै खान्छ ।'

ओपीडी भवन भित्रको दृश्य झन् व्यस्त देखिन्थयो । टिकट लिन लाइन, परीक्षणका लागि लाइन, चिकित्सक भेट्न अर्को लाइन । कतिपय बिरामीहरू भुइँमा बसिरहेका छन् । वृद्ध र बालबालिकालाई कुर्सी नपुग्दा आफन्तहरूले उभिएर पालो कुरिरहेका छन् । यसैबीच, अस्पतालको प्रांगणमा वृद्ध महिला ह्विलचियरमा देखिइन् । एक महिलाले टाउको समातेकी थिइन्, अर्कीले हात । ८० वर्षीय ती महिलालाई उच्च रक्तचापको समस्या छ ।

सतुंगल बस्दै आएका उनीहरू आइतबार पनि अस्पताल आएका थिए । तर चिकित्सक भेटेनन् । उनीहरू निरास हुँदै घर फर्किए । 'फओअपमा हिजो आएका थियौं । तर डाक्टर भेट भएन । आमालाई साह्रै गाह्रो भएपछि आज आयौं,' हेरचाहमा खटिएकी ती महिलाले भनिन् । वीर अस्पताल देशकै पुरानो सरकारी अस्पतालमध्ये एक भएकाले राजधानी बाहिरका बिरामी पनि ठूलो संख्यामा आउँछन् । सस्तो र सहज उपचारको आशामा आएका बिरामीहरूका वीर भरोसाको केन्द्र हो ।

सोमबार लाइनमा उभिएका धेरै बिरामीको एउटै गुनासो थियो, 'बिरामी हुँदा पनि घण्टौं लाइन बस्नुपरेको छ । आजै डाक्टरलाई देखाउन पाइएला र !' स्वास्थ्य सेवा लिन आउने बिरामीहरूका लागि उपचारभन्दा अघि नै लामो लाइन र प्रतीक्षा पार गर्नुपर्ने अर्को 'परीक्षा' बनेको छ । गोरखाबाट आएका कृष्णप्रसाद तिवारीले यस्तै गुनासो गरे, 'आज बिहानै आइपुगेका थियौं । तर भिडले गर्दा उपचार पाउन दुई-तीन दिन नै अस्पताल बस्नुपर्ने देखियो ।'

तिवारी सरकारले स्वास्थ्य जस्तो संवेदनशील क्षेत्रमा दुई-तीन बिदा नगर्नुपर्ने तर्क अगाडि सार्छन् । तिवारी भन्छन्, 'स्वास्थ्यकर्मीलाई थप सेवा सुविधा दिएर सातै दिन अस्पताल खोल्नुपर्छ ।' हरेक ठाउँमा लामो लाइन बस्दा दिन नै बित्ने तिवारी बताउँछन् । 'डाक्टरलाई देखाउन घन्टौं कुर्नुपर्छ । मेडिकल ल्याबमा उस्तै छ,' तिवारी भन्छन्, 'उसै त अस्पतालको व्यवस्थापन सुस्त छ । त्यसमाथि दुई दिनको बिदाले सेवा झन् अस्तव्यस्त भयो ।'

१८ वर्षीय भेष्मा खत्रीको हातमा पुरानो मेडिकल फाइल छ । उनको गत कात्तिकमा एपेन्डिक्सको अप्रेसन भएको थियो । तर अहिले स्वास्थ्यमा थप समस्या देखियो । बिहानै अस्पताल पुगेकी उनी ओपीडीको टिकट लिन कुरिरहेका थिइन् । 'हिजो पनि अस्पताल आएको थिएँ । डाक्टरलाई देखाउन पाइएन अनि फर्किएँ,' खत्री भन्छिन्, 'दुई दिनको बिदाले झन् बिरामीलाई सास्ती दियो ।'

दैनिक ३ हजार बढी बिरामी उपचारका लागि पुग्ने वीर अस्पताल विपन्न, गरिब वर्गका लागि आशा र भरोसाको केन्द्र हो । तर विकट तथा दुर्गम भेगबाट जुन अपेक्षा अनुसारको सेवाका साथ अस्पताल पुग्छन्, उनीहरूले पाइला-पाइलामा सास्ती भोग्नुपर्छ । वीर अस्पतालमा २८ वटाभन्दा बढी विभाग छन् । ल्याब, फार्मेसी जहाँ गए पनि भिड उस्तै छ । वीर अस्पतालमा पुग्दा केही बिरामी टिकट काउन्टरतिर, केही क्यास काउन्टर तिर र केही चिकित्सकलाई देखाउनका लागि आफ्नो पालो कुरेर बसिरहेका थिए । सर्वसाधारणलाई ओपीडी बाहिर पर्याप्त बस्ने ठाउँ छैन । अस्पतालमा घन्टौं लाइन बस्दा र रिपोर्ट लिन यताउति दौडिँदादौडिँदै बेथा झन् बढ्ने खतरा छ ।

अव्यवस्थित भिडभाडका कारण छिटो र सहज सेवा-सुविधा पाउन नपाएकामा खत्री मात्र होइन अधिकांश सेवाग्राही दिक्क देखिन्थे । रौतहट घर भएका रुपनप्रसाद पटेलले बिहान ७ बजे अस्पताल पुगे पनि दिन ढल्किन लागिसक्दा चिकित्सकलाई आफ्ना समस्या राख्न नपाएको गुनासो गरे । 'जहाँ गयो, त्यहीं लाइन बस्नुप्यो । सर्वसाधारणलाई कहाँ गएर कुन सेवा लिने थाहा छैन,' पटेलले गुनासो गरे, 'अस्पतालको व्यवस्थापन साह्रै कमजोर भयो ।' मिर्गौलाको समस्या भएका पटेलको साथमा आफन्त वीरेशकुमार चौरासिया छन् । चौरासिया दुई दिन बिदाले बिरामीको झन् स्वास्थ्य समस्या थपिने बताउँछन् ।

'मिर्गौलाले काम नगर्दा उहाँ छट्पटाउनु भएको छ । शुक्रबार देखि डाक्टरलाई देखाउन पाइएन,' चौरासियाले गुनासो गरे, 'सुशासन र जनताको हितको लागि बनेको सरकारले दुई दिनको बिदाको निर्णय लिँदा सोझासिधा नागरिकलाई उपचार पाउन नै मुस्किल भयो ।' दुई दिनको बिदाको निर्णयले स्वास्थ्यकर्मीलाई राहत दिए पनि सेवा लिन आएका बिरामीहरूका लागि भने सास्ती बढेको देखिन्छ । सोमबार बिहान वीर अस्पतालको ओपीडी वरिपरि देखिने दृश्यले भनिरहेको थियो- स्वास्थ्य सेवामा दुई दिनको बिदाले बिरामीको पीडा झन् बढाइरहेको छ ।

### चिकित्सक भन्छन्- स्वास्थ्य सेवा झन् भद्रगोल

सातामा दुई दिन बिदा दिने सरकारी निर्णय लागु भएसँगै वीर अस्पतालमा बिरामीको चाप ह्वात्तै बढेको चिकित्सकहरू बताउँछन् । एक चिकित्सकका अनुसार लगातार दुई दिन अस्पतालमा ओपीडी बन्द गर्दा बिरामी सँगै चिकित्सक पनि मारमा परेका छन् । 'शनिबार र आइतबार अस्पताल बन्द भएपछि सोमबार बिरामीको भिड अत्यधिक बढ्छ । बाहिर जिल्लाबाट आएका बिरामीहरूलाई दुई दिन काठमाडौंमै बस्नुपर्छ । जसले थप सास्ती भोग्नुपरेको छ,' ती चिकित्सकले भने ।

उनका अनुसार पहिले नै महिनौंअघि लिइएका अप्रेसनको पालोसमेत प्रभावित हुन थालेका छन् । धेरै बिरामीले महिनौंअघि आइतबारका लागि पालो लिएका हुन्छन् । अहिले आइतबार नै बिदा भएपछि उनीहरू अन्योलमा परेका छन् । अस्पतालका विभागीय तालिकासमेत प्रभावित भएको चिकित्सकहरूको भनाइ छ । कतिपय चिकित्सकको नियमित ओपीडी वा अप्रेसनको तालिका आइतबार पर्ने भएकाले त्यसलाई अन्य दिनमा व्यवस्थापन गर्न कठिनाइ भइरहेको उनीहरूको गुनासो छ ।

ती चिकित्सकका अनुसार ठूलो अस्पतालमा लगातार दुई दिन सेवा बन्द गर्नु व्यावहारिक हुँदैन । 'ठूला अस्पतालहरू वीर, शिक्षण वा सिभिल अस्पतालमा लगातार दुई दिन बिदा दिनु उपयुक्त हुँदैन । अस्पताल आइतबारदेखि शुक्रबार सम्म सञ्चालन हुनुपर्छ,' ती चिकित्सक भन्छन् । अर्का चिकित्सक पनि दुई दिन बिदाको निर्णयले ओपीडीमा बढेको चापसँगै भर्ना हुने बिरामीको संख्या पनि एकैचोटि बढ्ने बताउँछन् । यसले शल्यक्रिया (अप्रेसन) को पालोको सूची पनि लम्बिँदै जाने जोखिम बढाएको छ ।

'पहिले मैले करिब ६० जना बिरामी हेर्थें भने अहिले ८० भन्दा बढी बिरामी हेर्नुपर्ने अवस्था आएको छ,' ती चिकत्सकले भने । जसका कारण सबै विभागमा शल्यक्रियाको प्रतीक्षाको समय बढ्ने सम्भावना रहेको चिकित्सकहरूको भनाइ छ । स्वास्थ्यकर्मीलाई पालैपालो बिदा दिने व्यवस्था गर्दा सेवा पनि निरन्तर रहने र दुई दिन विश्राम पाउने अवस्था बन्ने चिकित्सक बताउँछन् । 'विभागले नै तालिका बनाएर चिकित्सकलाई पालैपालो बिदा दिँदा अस्पताल ६ दिन खुला रहन्छ । बिरामीको सेवा पनि प्रभावित हुँदैन,' ती चिकित्सक भन्छन् ।

ती चिकित्सकका अनुसार यस्तो व्यवस्थाले ओपीडी, अप्रेसन र अन्य सेवाको नियमितता कायम रहने छ भने बिरामीले पालो कुरेर बस्नुपर्ने अवस्था पनि कम हुनेछ । चाप बढी हुँदा बिरामीलाई प्रर्याप्त समय दिन नसकेको अर्का एक चिकित्सक बताउँछन् । 'बिरामीको संख्या एकैचोटि बढ्दा प्रत्येक बिरामीलाई पर्याप्त समय दिन सक्ने अवस्था हुँदैन,' ती चिकित्सकले भने, 'पहिले एक बिरामीलाई चार-पाँच मिनेट दिन्थ्यौं भने अहिले दुई मिनेट दिन पनि गाह्रो हुन्छ ।'

चिकित्सकहरूका अनुसार स्वास्थ्यकर्मीलाई लगातार कामले मानसिक तनाव बढिरहेका कारण बिदा आवश्यक हुन्छ । तर व्यवस्थापन पक्षले सेवा प्रणाली मिलाएर लागु नगर्दा बिरामी र स्वास्थ्यकर्मी दुवैलाई समस्या भएको उनीहरूको तर्क छ । वीर अस्पतालको तथ्यांकले यही भन्छ । देशको पुरानो तथा ठूलो अस्पताल वीरमा अन्य दिनमा २ हजार ७०० को हाराहारीमा टिकट बिक्री हुने गर्छ । तर सोमबार ३ हजार ४०० भन्दा बढी टिकट बिक्री भएको छ ।

स्वास्थ्य मन्त्रालयले भने सरकारी अस्पतालमा दुई दिन बिदा कार्यान्वयन गर्ने निर्णय लिइसकेको छ । तर ठूला अस्पतालहरूमा सेवा व्यवस्थापन कसरी गर्ने भन्ने स्पष्ट कार्ययोजना नआउँदा सेवा प्रणालीमा अन्योल देखिएको चिकित्सकहरूको भनाइ छ । 'कर्मचारीहरुले पाउने सेवा-सुविधा सबैलाई समान हुनुपर्छ । तर अस्पतालमा दुई दिन बिदा दिँदा टाढाबाट आएका बिरामी तथा अप्रेसन गर्ने बिरामी मर्कामा पर्छन्,' वीर अस्पतालका अर्को चिकित्सक भन्छन्, 'होइन भने सरकारले छुट्टी वापत प्रोत्साहन भत्ताको व्यवस्था गरेर सेवा सञ्चालन गर्नुपर्छ ।'

*(स्रोत: अनलाइनखबर)*

---

'मालती मंगले'को 'झ्याम पारम' गीत :

# विजय र वर्षाको बिहेमा सविन र एलिसाको नृत्य



काठमाडौं/गायक रामकृष्ण ढकालले पहिलो पटक निर्माण गरेको फिल्म 'मालती मंगले'को तेस्रो गीत 'झ्याम पारम' सार्वजनिक गरिएको छ । फिल्मका अघिल्ला दुई गीतहरू 'सुनैको सपनी' र 'ढुङ्गा माथि लेऊ'ले दर्शकबाट सकारात्मक प्रतिक्रिया पाइरहेको अवस्थामा निर्माण पक्षले सोमबार लोकलयमा आधारित उक्त गीत सार्वजनिक गरेको हो ।

युवायुवतीबीचको प्रेम र आकर्षणलाई समेटिएको गीतमा गायक रामकृष्ण ढकाल र गायिका मेलिना राईको स्वर सुन्न सकिन्छ । उनीहरूले यसअघि फिल्म 'हिजो आजका कुरा'मा समावेश चर्चित गीत 'माया जदौ'मा सहकार्य गरेका थिए । गीतमा राजेन्द्र थापाको शब्द रचना छ भने राजनराज सिवाकोटीको संगीत तथा श्यामश्वेत रसाइलीको एरेन्ज रहेको छ ।

गीतको भिडियोलाई फिल्मका मुख्य जोडी विजय बराल र वर्षा राउतको विवाहको माहोलमा तयार पारिएको छ । रोशन विश्वकर्माको कोरियोग्राफी रहेको भिडियोमा मेक्सम गौडेल, डान्सर सविन कार्की (बीस्ट), एलिसा शर्मा र रोशित कर्माचार्यले आकर्षक नृत्य प्रस्तुत गरेका छन् । सविन, एलिसा र रोशित फिल्मको यस गीतमा मात्र देखिनेछन् ।

प्रकु पाण्डेयको कथा तथा निर्देशनमा बनेको फिल्ममा विजय, वर्षा र मेक्समसहित नरिन थापा, मान्सु सापकोटा, प्रकाश घिमिरे, सरिता गिरी, सुस्मा निरौला, सुनिल तामाङ, उमेश सुनाम, शकु शाह, सुचित्रा उप्रेती, दिनेश शाही, रिजन परियार, तारा शर्मा, राज पङ्गेनी लगायतका कलाकारहरूको अभिनय रहेको छ । फिल्ममा पटकथा तथा संवाद संयोग गुरागाईंले तयार पारेका हुन् ।

वैशाख २५ गतेबाट प्रदर्शन हुन लागेको यस फिल्मका कार्यकारी निर्माता सागर ज्ञवाली हुन् भने सह-निर्माताहरूमा बाबु सुवेदी, रबिन श्रेष्ठ, वेदना कर्माचार्य, पद्मावती गुरुङ, स्वीकृति बस्नेत र मिलन बजगाईं रहेका छन् । फिल्ममा महेश पौडेलको छायांकन तथा रोमी मोजेजको सम्पादन रहेको छ । रङ्ग संयोजन कृष्ण भण्डारी र ध्वनि मिश्रण डिकेश खड्गीले गरेका हुन् ।

---

# केकीले निर्माण गर्ने 'स्टेशन'को मुहूर्त, वैशाख तेस्रो सातादेखि छायांकन

काठमाडौं/अभिनेत्री केकी अधिकारीले निर्माण गर्न लागेको फिल्म 'स्टेशन'को शुभ मुहूर्त गरिएको छ । सोमबार अक्षय तृतीयाको अवसर पारेर ललितपुरस्थित बंगलामुखी मन्दिर परिसरमा मुहूर्त गर्दै फिल्मको औपचारिक रुपमा निर्माण प्रक्रिया सुरु गरियो । मुहूर्तमा केकी र निर्देशक सुरक्षण भारतीले क्यामेरा, स्क्रिप्ट र क्ल्याप पूजा गरेका थिए ।

केकीले नयाँ वर्षको अवसर पारेर गत मंगलबार यो फिल्मको निर्माण घोषणा गरेकी थिइन् । घोषणासँगै सार्वजनिक गरिएको 'थिम पोस्टर'ले दर्शकमा फिल्मको विषयवस्तुप्रति कौतुहलता जगाएको छ । कलर टोनमार्फत 'बोक्सीको घर'को छनक दिन खोजिएको पोस्टरले क्राइम-थ्रिलर जनरामा फिल्म बन्न लागेको संकेत गर्छ ।



केकी अधिकारी फिल्म्सको ब्यानरमा निर्माण हुने यस फिल्ममा निर्देशक भारती स्वयंको लेखन रहेको छ । केकी र भारतीले यसअघि २०८१ सालको ब्लकबस्टर फिल्म 'बोक्सीको घर'मा सहकार्य गरेका थिए । यो फिल्म रिलिजपश्चात् उनीहरूको सम्बन्ध बिग्रिएको थियो । तर, दुवैले पुरानो तिक्तता बिर्सिएर दोस्रो पटक फिल्ममा सहकार्य गरेका हुन् ।

वैशाख तेस्रो साताबाट छायांकन सुरु हुने यस फिल्मको निर्मातामा बद्री अधिकारी रहेका छन् । डेढ दशकअघि 'इन्द्रावती', 'लडाइँ', चक्रव्यूह', 'आवाज', 'ज्यान हाजिर छ' लगायतका फिल्मको निर्देशन समेत गरेका उनी केकीका बुबा हुन् । कुनै समय उनले निर्देशन गरेको 'अविरल बग्दछ इन्द्रावती' नामक टेलिशृंखला निकै चर्चित थियो ।

---

# 'परालको आगो'मा जब प्रकाशलाई रिसाउन सुहानाले सिकाइन्

काठमाडौं/गायनबाट फिल्म अभिनयमा आएका धेरै अनुहारमध्ये एक हुन्, प्रकाश सपूत । गायन करिअरको उत्कर्षमा रहँदा उनले 'परदेशी २'बाट फिल्ममा डेब्यू गरेका थिए । उनलाई पहिलो प्रयासमै सफलता मिल्यो । उनको दोस्रो फिल्म 'पूर्णबहादुरको सारङ्गी'ले त कमाइमा इतिहास नै रच्यो । यसपछि उनले 'वसन्त', 'माइतीघर' र 'हरिबहादुरको जुत्ता' जस्ता फिल्ममा काम गरिसकेका छन् ।

अब उनी नयाँ फिल्म 'परालको आगो'मा देखिँदैछन्, जुन यही वैशाख ११ गते प्रदर्शन हुँदैछ । यसमा उनले चामे पात्रको भूमिकामा अभिनय गरेका छन्, जो स्वभावले रिसाहा र सनकी छ । फिल्मको ट्रेलर हेर्दा पनि उनको चरित्रबारे बुझ्न सकिन्छ । फिल्ममा आफूभन्दा अलग स्वभावको चरित्रमा अभिनय गर्न निकै गाह्रो भएको उनको अनुभव छ ।

उनी भन्छन्, 'मेरो स्वभावभन्दा एकदमै फरक चरित्र छ फिल्ममा । मेरो पात्रले कहिले श्रीमतीलाई माया गर्छ त कहिले भैंसीमाथि रिस पोख्छ । म सबैभन्दा बढी भैंसी कुट्नुपर्ने सिनमा डराएको थिएँ । फिल्ममा पनि आओस् र भैंसीलाई पनि केही नहुने गरी कसरी काम गर्ने भनेर मलाई छटपटी भएको थियो । त्यो रिसाउनुपर्ने सिनमा मलाई सुहाना थापाले सिकाउनु भयो ।'

सुहानासँग काम गर्दा र माइलो अनुभव भएको उनको भनाइ छ । भन्छन्, 'उमेरले उहाँभन्दा म अलिकति ठूलो भए पनि उहाँको बुझाइको स्तर, संसार, समाज र व्यक्तिलाई हेर्ने दृष्टिकोणको आयाम साँचिकै अद्भूत नै छ । उहाँ साँचिकै राम्रो मान्छे हुनुहुन्छ । उहाँ साइकोलोजीको डाक्टर पनि भएको हुनाले मलाई एक किसिमको थेरापीको काम पनि गर्नुभयो ।'

आधुनिक कथाका प्रणेता मानिने गुरुप्रसाद मैनालीको 'नासो' कथासङ्ग्रहमा सङ्गहित 'परालको आगो' कथाबाट प्रेरित भनिएको यस फिल्ममा प्रकाशको जोडी सुहानासँग बाँधिएको छ । यसमा उनीहरू श्रीमान्-श्रीमतीको भूमिकामा छन् । सौगात मल्ल, सिर्जना अधिकारी, किशोर भण्डारी, ज्याक श्रेष्ठ लगायतको पनि फिल्ममा अभिनय छ ।

---

# विद्यार्थी संगठन खारेजीबाट सरकार पछि नहट्ने

काठमाडौं/सरकारले विश्वविद्यालयबाट दलीय विद्यार्थी र कर्मचारीको संगठन खारेजीको अडान कायमै राखेको छ । मन्त्रिपरिषद्बाट स्वीकृत भएको शासकीय सुधार सम्बन्धी कार्यसूचीको बुँदा ८६ मा उल्लेखित विश्वविद्यालय हाताबाट दलीय विद्यार्थी संगठनका संरचना ६० दिन भित्र हटाई ९० दिनभित्र स्टुडेन्ट काउन्सिल/भ्वाइस अफ स्टुडेन्ट संयन्त्र विकास गर्ने उल्लेख छ ।

यसलाई कार्यान्वयन गर्न प्रधानमन्त्री बालेनले सोमबार पनि निर्देशन दोहोऱ्याएका छन् । विश्वविद्यालयका उपकुलपतिहरूलाई प्रधानमन्त्री बालेनले सोमबार सिंहदरबार बोलाएका थिए । छलफलका क्रममा कुलपतिसमेत रहेका प्रधानमन्त्री बालेनले दलीय विद्यार्थी तथा कर्मचारी संगठनका संरचनाहरू तत्काल हटाउने निर्णय कार्यान्वयन गर्न निर्देशन दिए । उपकुलपतिहरूलाई प्रधानमन्त्री बालेनले शैक्षिक संस्थाहरूमा राजनीति गर्न नहुने र दलीय संगठनका संरचना हटाउन ऐन बाधक नहुने सन्देश दिए ।

'अस्पताल, क्याम्पस र विद्यालयजस्ता पवित्र ठाउँमा कुनै पनि दलको झण्डा, प्रभाव वा संगठन राख्न हुदैन । राजनीति गर्ने भए पेसागत जिम्मेवारीबाट अलग भएर पूर्ण रूपमा राजनीतिमा लाग्नू,' प्रधानमन्त्री बालेनले उपकुलपतिहरूसँग भनेका छन् । सिंहदरबारमा प्रधानमन्त्री बालेनले ३ घण्टा छलफल गरे । विश्वविद्यालयका कुलपतिसमेत रहेका प्रधानमन्त्री शाहसँग उपकुलपतिहरूले आ-आफ्नो विश्वविद्यालयको समस्या पनि सुनाए ।

उपकुलपतिहरूले विश्वविद्यालयमा विद्यार्थी संगठनका नेताले दिएको दु:खदेखि अस्पतालमा भइरहेको बीमाको समस्यासम्म सुनाए । नेपाल संस्कृत विश्वविद्यालयका उपकुलपति प्रा.डा. धनेश्वर नेपालले विद्यार्थी संगठनका सरचना हटाउन खोज्दा धम्की र आक्रमण खेप्नुपरेको भन्दै असुरक्षाको गुनासो राखे ।

प्रधानमन्त्री बालेनले संगठनका संरचना हटाउन समस्या भए सुरक्षाको लागि खबर गर्न आग्रह गरे । 'राजनीतिक संगठनका सरचना हटाउदा सुरक्षाको कुनै पनि समस्या आएमा तुरुन्तै सम्बन्धित मन्त्रालय वा आफ्नो सचिवालयमा खबर गर्नू,' प्रधानमन्त्री बालेनले भने, 'सुरक्षा संयन्त्रलगायत आवश्यक पर्ने सबै सहयोग उपलब्ध गराउन सरकार प्रतिबद्ध रहेको छ ।'

प्रहरी प्रशासनले आफ्नो कर्तव्य पालना गर्ने बताउँदै ढुक्क भएर जिम्मेवारी पूरा गर्न उपकुलपतिहरूलाई उनले आग्रह गरे । विश्वविद्यालयको सहकुलपतिसमेत रहेका शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री सस्मित पोखरेलले पनि राजनीतिक दलसँग आबद्ध संगठनका संरचना खारेज गर्न मन्त्रालयले निर्देशन दिइसकेकाले त्यसलाई कार्यान्वयन गर्न ऐनले नरोक्ने बताए ।

त्रिभुवन विश्वविद्यालयका उपकुलपति प्रा.डा. दीपक अर्यालले जेनजी आन्दोलन र निर्वाचनपछि विद्यार्थी तथा कर्मचारी संगठनहरू क्रमश: निष्क्रिय बन्दै गएको बताए । सरकारको नीति अनुसार नै विश्वविद्यालय चल्ने उनले प्रधानमन्त्री बालेनलाई सुनाए ।

'विश्वविद्यालय धेरै छन् । कुन विश्वविद्यालयलाई कसरी लैजाने ? कसरी पढाउने ? यसमा सरकारले नीतिगत निर्णय गर्नुपर्छ । सरकाको नीति अनुसार जाने हो,' उपकुलपति अर्यालले भने । मध्यपश्चिम विश्वविद्यालयका उपकुलपति प्रा.डा. ुवकुमार गौतम, पूर्वाञ्चल विश्वविद्यालयका उपकुलपति प्रा.डा. विजुकुमार थपलिया र सुदूरपश्चिम विश्वविद्यालयका उपकुलपति प्रा.डा. हेमराज पन्तले केही आंगिक क्याम्पसहरूमा अझै पनि विद्यार्थी राजनीतिको तनाव कायमै रहेको बताए । प्रतिष्ठानका उपकुलपतिहरूले भने आफ्नो संस्थामा राजनीतिक गतिविधि न्यून रहेको र प्रशासन कडा भएमा शैक्षिक क्षेत्रमा राजनीति अन्त्य हुने बताए । तर अस्पतालहरूमा स्वास्थ्य बीमाको रकम नपाएकाले समस्या आएको बताए ।

'न्याम्सको अहिलेको अवस्थाबारे जानकारी गराएँ । बीमामा समस्या छ । रकम रोकिएकोले समस्या भएको छ । मिलाउन भनेको छु,' उपकुलपति भुपेन्द्रकुमार बस्नेतले भने, 'दुवाकोटमा निर्माणधिन भवनको बारेमा कुरा राखेको छु ।' प्रधानमन्त्री शाहले शैक्षिक क्यालेन्डरको पूर्ण पालना गर्न र परीक्षाको नतिजा एक महिनाभित्रै प्रकाशन गर्नसमेत निर्देशन दिए । विश्वविद्यालयको जस्तोसुकै अफ्ठ्यारोमा सहयोग गर्ने प्रतिबद्धता प्रधानमन्त्री बालेनले जनाए । 'प्रधानमन्त्रीज्यूले कुनै किसिमको अफ्ठ्यारो भएमा सहयोग गर्छु भन्नु भएको छ,' छलफलमा सहभागी एक उपकुलपतिले भने ।

*(स्रोत: अनलाइनखबर)*

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# जेनजी आन्दोलनमा क्षतिग्रस्त ५ मन्त्रालय भवन पुनर्निर्माण

साझाकुरा संवाददाता

हेटौंडा, ७ बैशाख/गत भदौ २३ र २४ गतेको जेनजी आन्दोलनको क्रममा क्षतिग्रस्त बागमती प्रदेशका पाँच मन्त्रालय बसेको भवनको पुनर्निर्माण सम्पन्न भई उद्घाटन गरिएको छ ।

सहरी विकास तथा भवन कार्यालय मकवानपुरद्वारा मर्मतसम्भार र पुनर्निर्माणकार्य सम्पन्न भएसँगै सोमबार मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले उद्घाटन गरेका हुन् । कार्यालयले ठेक्का आह्वान गरी प्रदेशका ५ वटा मन्त्रालय रहेका भवनसहित प्रदेशसभा सचिवालय, सामाजिक विकास मन्त्रालय, सहकारी तथा गरिबी निवारण मन्त्रालय र प्रमुखसचिवको निवास गरी ५ वटा भवनको पुनर्निर्माण सम्पन्न भएको हो । कार्यक्रममा मुख्यमन्त्री बानियाँले प्रदेश सरकारले जनताप्रति पारदर्शी र जवाफदेही भएर काम गरिरहेको बताएका छन् ।



उनले मन्त्रालयलगायत प्रदेशका कार्यालयमा आगजनी र तोडफोडपछि असहजरुपमा कार्यसम्पादन गर्नुपर्ने बाध्यता रहेकोमा अब भवन मर्मत र पुनर्निर्माणपछि पूर्ववत् सहजरुपमा कार्यसम्पादन गर्ने बाटो खुलेको बताए । 'पुनर्निर्माण र क्षतिको व्यवस्थापनपछि मन्त्रालयहरु पुरानै अवस्थामा कामगर्ने गरी भवन सार्नेक्रम सुरु भएको छ ।' उनले भने, 'सातै प्रदेशमध्ये बागमती प्रदेशले सबैभन्दा पहिले जेनजी आन्दोलनबाट क्षतिग्रस्त सरकारी भवनको पुनर्निर्माण गर्न समक्ष भएको छ ।'

'आन्दोलनका क्रममा भौतिक संरचनामा ठुलो क्षतिसँगै लामो समयदेखि कामचलाउ अवस्थामा रह्यौं अब मर्मत र पुनर्निर्माण सकिएसँगै सरकारलाई कार्यसम्पादनमा सहजता हुने र कार्यसम्पादनमा प्रभावकारिता बढ्ने छ' उनले थपे । जेनजी आन्दोलनका क्रममा अकल्पनीय क्षति भएको भन्दै मुख्यमन्त्री बानियाँले प्रदेशको स्थायी संरचना बनाउनेतर्फ प्रदेश सरकार लागेको र यथाशीघ्र काम सुरुहुने बताएका छन् । मुख्यमन्त्री बानियाँले प्रदेशको स्थायी संरचना निर्माणको लागि जग्गा प्राप्तिको प्रक्रिया टुंगिसकेको बताए । यसै आर्थिक वर्षभित्र संरचना निर्माणको लागि टेण्डर प्रक्रिया अघि बढ्ने उनको भनाई छ ।

त्यसैगरी भौतिक पूर्वाधार विकास मन्त्री डा.दिनेशचन्द्र देवकोटाले क्षतिग्रस्त भवनको मर्मत र पुनर्निर्माणका क्रममा भवनको संरचनात्मक सुरक्षालाई विशेष प्राथमिकतामा राखेका भन्दै आगजनीका कारण भवनका संरचना कमजोर बनेकाले विज्ञ र स्ट्रक्चरल इन्जिनियरको टोलीबाट अध्ययन गराई मर्मत र पुनर्निर्माण गरिएको बताए । 'कम अवधिमा पनि विज्ञको सल्लाह र इन्जिनियरिङका आधारमा पुनर्निर्माण गरिएको छ,' मन्त्री देवकोटाले भने, 'मन्त्रालयले इन्जिनियरिङका विज्ञ परिचालन गरी भवनका डन्डीहरु कति तापक्रममा पग्लिएका छन् र संरचना कति सुरक्षित छ भन्ने प्राविधिक अध्ययन गरेको थियो ।'

अर्थ मन्त्रालयबाट प्राप्त ६ करोड ४३ लाख रुपैयाँको विशेष बजेटमार्फत टेन्डर आव्हान गरी केही क्षतिग्रस्त संरचनाको मर्मत गरिएको मन्त्री डा. देवकोटाले बताए । विज्ञको प्रतिवेदनका आधारमा आगामी दिनमा बाँकी संरचनाको पुनर्निर्माणका लागि ८३ करोड २० लाख रुपैयाँको बजेट अनुमान गरिएको छ । मन्त्री डा. देवकोटाका अनुसार जेनजी आन्दोलनका त्रममा १ अर्ब ३५ करोड ३४ लाख ९२ हजार रुपैयाँको क्षति भएको थियो । जसमा भवनतर्फ ५८ करोड १५ लाख रुपैयाँ र सवारी साधनतर्फ (१४३ वटा मोटरसाइकल र ५६ वटा चार पांग्रे गाडीमा क्षति) २४ करोड ७८ लाख रुपैयाँ र जिन्सी सामानमा २७ करोड ३५ लाख रुपैयाँ क्षति भएको थियो ।

यसैगरी, मन्त्रालयका सचिव ईश्वरचन्द्र मरहठ्ठाले जेनजी आन्दोलनका क्रममा बागमती प्रदेशले एक अर्ब रुपैयाँभन्दा बढीको क्षति भएको भन्दै विषम अवस्थामा पनि सार्वजनिक खरिद ऐन अनुसार नै बोलपत्र आव्हान गरेर काम गरिएको बताए ।

सहरी विकास तथा भवन कार्यालय मकवानपुरका प्रमुख भूपेन्द्र यादवले क्षतिग्रस्त संरचनाको मर्मत एवं पुनर्निर्माणमा तीन करोड ९५ लाख रुपैयाँमा ठेक्का सम्झौता गरी काम गरिएको जानकारी दिए । पाँचवटा मन्त्रालय रहेको भवन भने मर्मत तथा पुनर्निर्माणका लागि एक करोड २८ लाख रुपैयाँमा ठेक्का सम्झौता गरेर काम गरिएको थियो ।

पुनर्निर्माणका क्रममा रेट्रोफिटिङका साथै प्लास्टर, पेन्टिङ, झ्याल ढोका मर्मत र रङरोगनका काम गरिएका छन् । नयाँ लिफ्ट, ट्रान्सफर्मर, एसी जडान, टायल ग्रेनाइट बिछ्याउने कार्य सम्पन्न भएको छ ।

# बागमती गाउँपालिकास्तरीय प्रधानाध्यापक बैठक



साझाकुरा संवाददाता

हेटौंडा, ७ बैशाख/ मकवानपुरको बागमती गाउँपालिका स्तरीय प्रधानाध्यापकको बैठक सम्पन्न भएको छ । सोमबार पालिकाको सभाहलमा गाउँपालिकास्तरीय प्रधानाध्यापक बैठक भएको हो ।

बैठकमा गत बैठकको समीक्षा, विद्यार्थी भर्ना तथा पठनपाठन एवं शैक्षिक क्यालेण्डरको कार्यान्वयन सम्वन्धमा, संस्थागत् विद्यालयले उपलब्ध गराउने छात्रवृत्ति र भर्ना शुल्क सम्वन्धमा छलफल भएको छ । शिक्षकको कार्यसम्पादन मूल्यांकन फाराम पेस गर्ने सम्वन्धमा, सञ्चित विरामी विदा प्रमाणित गरी अद्यावधिक तथा व्यवस्थित राख्ने सम्वन्धमा, आईइएमआईएसमा पूर्णविवरण अद्यावधिक तथा विवरण संशोधन सम्वन्धमा, आर्थिक वर्ष २०८१/८२/को लेखापरीक्षण प्रतिवेदन पेस गर्ने सम्वन्धमा, विद्यालय सुधार योजना निर्माण गरी पेसगर्ने सम्बन्धमा छलफल भएको थियो ।

सिकाई चौतारी लर्निङ पोर्टलको प्रयोग गर्ने सम्बन्धमा, शिक्षक डायरीको उपयोग सम्वन्धमा, विद्यालयको वार्षिक कार्यतालिका पेस गर्ने सम्वन्धमा, शिक्षण सुधार योजना अनिवार्य सम्बन्धमा, नतिजा सार्वजनिक पूर्व आईइएमआईएसमा प्राप्तांक प्रविष्ट नगरेको सम्बन्धमा, विद्यालय बाहिर रहेका रहेका वालवालिकाको तथ्यांक संकलन फाराम भरि पेस गर्ने सम्वन्धमा र १६ औं मकवानपुर जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सम्वन्धमा र कक्षा १ मा तामांङ भाषाको पाठ्यपुस्तक पठनपाठन लगायत एजेन्डामाथि छलफल भएको छ ।

कक्षा १ मा तामाङ भाषाको पाठ्यपुस्तक पठनपाठन अनिवार्य गर्ने भएको छ । नेपालको संविधान, २०७२ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रदान गरेको अधिकारअनुसार बागमती गाउँपालिकाअन्तर्गत तामाङ मातृभाषा बोल्ने बालबालिकाको बहुलता रहेका विद्यालयमा मातृभाषामा आधारित शिक्षणसिकाइ प्रवर्द्धन गर्ने नीतिगत लक्ष्यअनुरुप २५ विद्यालयमा कक्षा १ देखि तामाङ भाषा पठनपाठन गर्न लागेको हो । यसका लागि शिक्षकलाई आवश्यक तालिम सञ्चालन गरिसकेको छ ।

नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०८२/१२/२२ गतेको बैठकले २०८३ सालको शैक्षिक सत्र वैशाख १५ गतेबाट सुरु गर्ने निर्णयानुसार १५ गते भन्दा अगाडि कुनैपनि शैक्षिक संस्थाले विद्यार्थी भर्ना वा सोसँग सम्बन्धित आवेदन खुलाउने, प्रवेश परीक्षा सञ्चालन, भर्ना वा यस सम्बन्धी अन्य कुनै पनि कार्य नगर्ने, नगराउने र पत्रानुसार मिति २०८३/०१/२१ गतेदेखि पठनपाठनको कार्य अनिवार्यरुपमा सुरु गर्ने भन्ने निर्देशन सहित सबै विद्यालयले यो निर्णयको अनिवार्य कार्यान्वयन गर्ने बैठकबाट सर्वसम्मतिले निर्णय भएको छ ।

बैठकमा गाउँपालिका अध्यक्ष सर्केश घलान, सामाजिक विकास समितिका संयोजक कमानसिं पाख्रिन, शिक्षा शाखाप्रमुख प्रकाश चन्द, जनता माविका प्रअ वसन्त र ाईलगायत विद्यालयका प्रअको उपस्थिति रहेको थियो ।

## बागमती प्रदेशमा मन्त्रालय गाभ्न समितिको सुझाव

# उद्योग, पर्यटन, वन मन्त्रालय एकीकृत गर्न प्रस्ताव



साझाकुरा संवाददाता

हेटौंडा, ७ बैशाख/ बागमती प्रदेशको उद्योग, पर्यटन तथा वातावरण समितिको बैठक हेटौंडामा सम्पन्न भएको छ । समितिका सभापति आनन्दकुमार श्रेष्ठको अध्यक्षतामा बसेको बैठकले प्रदेशका विभिन्न नीतिगत तथा कार्यान्वयन सम्बन्धी विषयमा महत्वपूर्ण छलफल तथा निर्णय गरेको छ ।

बैठकमा प्रदेशको वन तथा वातावरण मन्त्रालयले हालसम्म गरेका काम तथा प्रगतिको विषयमा विस्तृत जानकारी लिइएको थियो । मन्त्रालयको कार्यसम्पादन, उपलब्धि र चुनौतीबारे समीक्षा गर्दै आगामी दिनमा कामलाई थप प्रभावकारी बनाउने विषयमा समेत छलफल गरिएको समितिले जनाएको छ । बैठकले अन्तरप्रदेश अनुभव आदानप्रदान कार्यक्रम सञ्चालन गर्ने निर्णय गरेको छ । अन्य प्रदेशसँगको सहकार्य र सिकाइ आदानप्रदानमार्फत् प्रदेशस्तरीय कामलाई अझ व्यवस्थित बनाउने उद्देश्य राखिएको छ ।

प्रदेशस्तरमा हस्तकलाग्राम निर्माणको प्रगति अवस्थाबारे बैठकमा छलफल गरिएको थियो । यो योजनालाई कसरी अघि बढाउने र प्रभावकारी कार्यान्वयन गर्ने भन्ने विषयमा सदस्यले धारणा राखेका थिए । बैठकले प्रदेश सरकारको संरचना सुदृढ बनाउने सन्दर्भमा मन्त्रालय संख्या घटाउँदा उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयलाई एउटै मन्त्रालयका रुपमा गाभ्न सुझाव दिएको छ । समितिका सभापति श्रेष्ठकाअनुसार संघीयतालाई अझ सुदृढ र प्रभावकारी बनाउन मन्त्रालय गाभ्ने अवधारणा अघि सारिएको हो ।

त्यसैगरी हालको बढ्दो महँगीलाई ध्यानमा राख्दै बजार अनुगमनलाई प्रभावकारी बनाउन उद्योग मन्त्रालयलाई निर्देशन दिने निर्णय बैठकले गरेको छ । उपभोक्ता हितसंरक्षण र मूल्य नियन्त्रणका लागि अनुगमनलाई कडाइका साथ अघि बढाउनुपर्नेमा बैठकले जोड दिएको छ ।

# भुटनदेवी माविले होटल म्यानेजमेन्ट र शिक्षा विषय अध्यापन गराउने

साझाकुरा संवाददाता

हेटौंडा, ७ बैशाख/ हेटौंडा उपमहानगरको सबैभन्दा पुरानो र उत्कृष्ट नतिजा दिलाउदै आएको भुटनदेवी माविले कक्षा ११ र १२ मा होटल म्यानेजमेन्ट र शिक्षा विषय थप अध्यापन गराउने भएको छ ।

यसअघि साइन्स, सिभिल ईन्जिनियरिङ र व्यवस्थान विषय अध्यापन गराउँदै आएको भुटनदेवी माविले व्यवस्थापनतर्फ होटल म्यानेजमेन्ट, शिक्षा विषय शैक्षिक वर्ष २०८३/८४ देखि थप गर्न लागेको हो । होटल म्यानेजमेन्टको लागि सुविधा सम्पन्न ल्यावको व्यवस्थापन गरिने आइतबार भएको १२ कक्षाको बधाई र विदाई कार्यक्रममा जानकारी गराइएको हो । कार्यक्रममा हरेक कक्षालाई प्रविधिमैत्री, व्यावहारीक र प्रयोगात्मक माध्यमद्वारा कक्षा सञ्चालन गरिने विद्यालय व्यवस्थापन समिति अध्यक्ष तथा वडाअध्यक्ष नवीन सिग्देलले बताए ।

उनले शिक्षालाई समय सापेक्ष जनशक्ति उत्पादन गर्नको लागि विद्यालयमा सबै अभ्यास गर्न भौतिक र शैक्षिक सुधारलाई गुणस्तरीय र प्रभावकारी बनाइने बताए । कार्यक्रमका सभाध्यक्ष विद्यालयकाका प्रअ सूर्यप्रसाद घिमिरेले सर्वसुलभ रुपमा गुणस्तरीय शिक्षा प्रदान गर्न विद्यालयको प्राथमिकता रहेको बताए । शैक्षिक, अतिरिक्त र प्रविधिमैत्री बनाउदै स्मार्ट कक्षा, स्मार्ट विद्यालय र स्मार्ट शिक्षा बनाउन विद्यालय प्रशासन लागिपरेको उनले बताए । कार्यक्रममा ११ र १२ संयोजक राम श्रेष्ठ, शिक्षक



सरस्वती अधिकारी, विद्यार्थी राधिका थिङलगायतले शुभकामना मन्तव्य राखेका थिए ,

विद्यालय व्यवस्थापन समिति सदस्य कृष्ण कंडेल, सप्रअ वेदराज कोईरालालयागत शिक्षक र विद्यार्थीको उपस्थिति रहेको कार्यक्रममा विद्यार्थीलाई कक्षागत सामूहिक फोटो मायाको चिनोको रुपमा प्रदान गर्दै कक्षा १२ को परीक्षाको लागि शुभकामना प्रदान गरिएको थियो । भर्खरै भएको नगर स्तरीय परिक्षामा विद्यालयले कक्षा ८ को नतिजामा ४ जना चार जिपिएसहित विद्यार्थी उत्तीर्ण गराउन सफल भएको छ ।

# बृहत् पाशुपत पदयात्री थाहानगर भित्रिए

साझाकुरा संवाददाता

हेटौंडा, ७ बैशाख/बृहत् पाशुपत पदयात्राअन्तर्गत पदयात्रीहरु मकवानपुरको थाहा नगरपालिका भित्रिएका छन् । १६ चैतबाट सुरु भएको सिद्धलिङ्ग परिक्रमा क्रममा विभिन्न सिद्धलिङ्गको दर्शन तथा विशेष पूजा गरी ७ वैशाखमा थाहा नगरपालिकाको चित्लाङ स्थित खर्कबाट थाहानगर प्रवेश गरेका हुन् ।

६४ सिद्धलिङ्गको विशेष पूजा-आराधनाको लक्ष्यसहित दर्जनौं साधुसन्त, साधक तथा तीर्थयात्री सहभागी उक्त पदयात्रीहरुले थाहानगरको चम्पेश्वर, नन्दीकेश्वर, गौखुरेश्वर, पाण्डुकेश्वर र कुटेश्वरमा पुजाआजा गर्ने कार्यक्रम छ । सो क्रममा शिवलिङ्गको माहात्म्य तथा आध्यात्मिक प्रवचन समेत हुने कार्यक्रम छ ।

७ वैशाखमा चित्लाङको खर्कबाट प्रवेश गरेका पैदलयात्रीलाई चित्लाङ स्थित विसिंडखेलको चम्पाकेश्वर मन्दिरमा स्वागत गर्ने कार्यक्रम छ । स्थानीय नेवारी बाजागाजासहित क्षेत्र विकास समितिका पदाअधिकारी जनप्रतिथिधीहरु र स्थानीयले स्वागत गर्ने कार्यक्रम तय भएको छ । चम्पाकेश्वर मन्दिरको पुजा पश्चात् बज्रवारही स्थित नन्दीकेश्वर आइपुग्ने कार्यक्रम छ । त्यहाँपनि स्थानीय जनप्रतिनीधिसहित स्थानीय र मन्दिर संरक्षण समितिले स्वागत गर्ने कार्यक्रम छ । त्यस दिन तिर्थयात्रीहरु मन्दिर परिसरमै बस्ने कार्यक्रम छ ।

त्यस्तै १० वैशाख विहान गौखुरेश्वर दर्शन तथा पुजाआजा गरेर पाण्डुकेश्वरका लागि यात्रा तय गर्ने कार्यक्रम छ । गौखुरेश्वरमा पनि स्थानीय बाजागाजासहित स्वागत तथा सम्मानको कार्यक्रम तय भएको छ । पाण्डुकेश्वरका लागि हिंडेका पैदल यात्रीहरुलाई थाहानगरको ओखर बजारमा विहान ११ बजे बाजागाजासहित स्वागत गर्ने कार्यक्रम छ । टोली १० वैशाख साँझ पाण्डुकेश्वरमै पुजाआजासहित बास बस्ने कार्यक्रम छ ।


बृहत् पाशुपत पदयात्रा अन्तर्गतका पदयात्रीहरुलाई गरिने स्वागत तथा सम्मान कार्यक्रममा उपस्थितीको लागि थाहा नगरपालिकाले अनुरोध गरेको छ । यस किसिमको कार्यक्रमले धार्मिक पर्यटनमा समेत टेवा पुग्ने नगरपालिकाले अपेक्षा राखेको छ ।

पदयात्राले पाशुपत क्षेत्रको संरक्षण, धार्मिक-आध्यात्मिक समन्वय प्रवर्द्धन, प्रदूषण नियन्त्रणका लागि सचेतना र मठ-मन्दिर व्यवस्थापनमा सरोकारवालासँग संवाद गर्ने उद्देश्य राखेको छ । साथै, वाग्मती परिक्रमा, पशुपति संवाद लगायतका कार्यक्रमसमेत सञ्चालन गरिने जनाइएको छ ।





आकर्षक घडेरी बिक्रीमा





साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना